# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष २ अङ्क २५ पूर्णाङ्क ७४ | २०७४ पुस १० गते सोमबार | Monday, 25 December 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## जनमुक्ति सेना कमाण्डरले छाडिन् माओवादी केन्द्र

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं ।दैलेख आठवीस नगरपालिका अन्तर्गत राकम कर्णालीमा स्थायी बसोवास गर्ने पूर्व जनमुक्ति सेना कमाण्डर झरना माझीले माओवादी केन्द्रलाई विचार, कार्यर्त्ता र जनता छाडेको भन्दै माओवादी केन्द्र परित्याग गरी देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालमा प्रवेश गरेकी छन् । माओवादी केन्द्रका नवसम्भ्रान्त वर्गले जनताको मुक्तिको सपनाको हत्या गर्दै विदेशी शक्तिकोनव दलालका रूपमा उभिन पुगेपछि माझीले उक्त पार्टीबाट विद्रोह गरी वास्तविक क्रान्तिकारी पार्टीमा प्रवेश गर्नु परेको कुरामा जोड दिएकी छिन् । उनले आफ्ना समकालीन साथी तथा कमरेडहरूलाई बेलैमा सही बाटो पहिल्याउन र अगाडि बढ्न आह्वान पनि गरेकी छन् ।

चेतन माझी, बलबहादुर सलामी, धनबहादुर बस्नेत, कृष्ण खनाल, मोतिराम खनाल, डिल्ली उपाध्याय, विसाल वि. क., जयपति वि.क., श्रीनन्द खनाल, कृष्ण पुलामी, रामबहादुर वि.क. लगायतको युवापंक्ति कमाण्डर माझीसँग देशभक्त जनगणतान्त्रिक मोर्चामा प्रवेश गरेको थियो ।

## नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय समिति बैठक सम्पन्न

# संगठन तथा जनपरिचालनको तीन महिने अभियान तय




### 'संघर्षको नयाँ आधार निर्माण हुँदै गएको'

चुनाव उपयोगसँगै देशभर पुगेका नेता तथा कार्यकर्ताको अथक परिश्रम, जनताको परिवर्तनप्रतिको आकर्षण र समर्थनका कारण अब संसदीय व्यवस्थाका विरुद्धमा जुनसुकै बेला पनि उठ्न र चल्नसक्ने संघर्षको नयाँ आधार बन्दै गएको निष्कर्षमा क्रान्तिकारी माओवादी पुगेको बताइएको छ ।

देशमा समाजवाद स्थापना गर्ने अफवाह फैलाएर जनतामाझ भोट माग्न पुगेको 'वाम गठबन्धन' का नेता केपी ओलीले ...बाँकी ८ पेजमा

● **वर्गदृष्टि संवाददाता**

चितवन । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठक आइतबार चितवनको मंगलपुरमा सम्पन्न भएको छ । पाँच दिनसम्म चलेको उक्त बैठकले पार्टी महासचिव मोहन वैद्य 'किरण'ले प्रस्तुत गरेको 'तात्कालिक राजनीतिक प्रस्ताव' र 'सङ्गठन तथा जनपरिचालन अभियान' आंशिक परिमार्जनसहित पारित गरेको छ ।

तीन महिना अघि गत कार्तिकमा पोखरामा सम्पन्न भएको राष्ट्रिय सम्मेलनपछि बसेको यो दोस्रो बैठकमा प्रतिनिधि तथा प्रदेश सभा चुनावको समीक्षा र आगामी कार्यक्रमको बारेमा ब्यापक छलफल भएको थियो ।

बैठकले चुनाव उपयोगको नीति सापेक्षतामा सही भएको समीक्षासहित यसले निर्माण गरेको राजनीतिक वैचारिक धरातलमा सङ्गठन निर्माण, सुदृढीकरण र जनपरिचालन अभियान ठोस गरेको छ । पार्टी कमिटीहरूलाई चुस्त, दुरुस्त र क्रियाशील बनाउँदै विकसित ...बाँकी ६ पेजमा

### 'चुनाव उपयोगको नीति वस्तुवादी रहेको ठहर'

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को चितवनमा बसेको केन्द्रीय समितिको वैठकले उक्त पार्टीको मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले प्रदेश तथा प्रतिनिधिसभाको निर्वान उपयोग गर्ने भनी लिएको नीति सापेक्षिक र वस्तुवादी रहेको ठहर गरेको छ ।

मोर्चाका नीति तथा कार्यक्रमलाई जनताका बीचमा लैजान सकिएको, जनपक्षीय वैकल्पिक ध्रुव निर्माण र जनपक्षीय नेतृत्व स्थापित गर्न सफल भएको, आफ्ना मत र विचार संरक्षण गर्न सफल भएको र संसदवादी खेल र हर्कतहरूलाई ठाउँका ठाउँ धज्जी उडाउन सफल भएको कुरालाई आधार मान्दै चुनाव उपयोगको नीति सही ...बाँकी ८ पेजमा

## देजमो नेपालद्वारा मान्म घटनाका दोषीमाथि कार्वाहीको माग



● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले गत शुक्रवार कालिकोटको सदरमुकाम मान्ममा प्रहरीद्वारा गोली प्रहार गरी म्यादी प्रहरी विवेक ऐरीको मृत्यु भएको घटनाप्रति आफ्नो मोर्चाको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । मोर्चाका अध्यक्ष चन्द्रप्रसाद गजुरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ ' म्यादी प्रहरीको तलबमा अनियमितता भएको भन्ने विषयलाई लिएर भएको झडपमा गरिएको नृशंस सरकारी दमन र हत्याको हाम्रो मोर्चाले घोर भर्त्सना एवम् विरोध गर्दछ । मृतकका परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न जोडदार माग गर्दछ ।'

सरकारको दमनकारी चरित्र र फसिष्टीकरणउन्मुख क्रियाकलापतर्फ इगित गर्दै विज्ञप्तिमा अन्तयमा भनिएको छ– 'त्यसैगरी शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै हत्या र दमनमा संलग्न पक्षलाई कडा कारबाही गर्न समेत् माग गर्दछ । साथै, सरकारी दमनको विरोधमा स्थानीय जनताले देखाएको समर्थनलाई मोर्चाले सधन्यवाद समर्थन र सह्राना गर्दछ ।'

## यसरी उदाङ्गियो कथित वामहरूको मुखुण्डो

काठमाडौं । राष्ट्रवाद र समाजवादको भ्रम दिएर, कालोधनको खालो बगाएर र राज्यशक्तिको चरम दुरूपयोग गरेर भर्खरै सम्पन्न निर्वाचनमा बहुमत सिट हात पार्न सफल भएको कथित वाम गठबन्धनको मुखुण्डो उदाङ्गिएको छ । जसरी पनि संसदीय सत्तामा पुग्ने र लामो समयसम्म टिकेर सत्तालाभ लिने उद्देश्य बोकेका संसदवादी कथित वाम गठबन्धनका नेताहरूले भारतीय शासक वर्गको चाकरी र दलाली गर्न थालेपछि उनीहरूले दिने गरेका राष्ट्रवादको नारा कति ढोंगी, पाखण्डी र जनतालाई बेवकुफ बनाउने रहेछ भन्ने कुरा छर्लङ भएको छ भने पार्टीले पाएको समानुपातिक सिटमा नेताका श्रीमती, आफन्त, नातेदारहरूलाई सांसद बनाउन देखाएको लालचाले ती पार्टीपंक्ति र जनपंक्तिमा उनीहरूले दिने गरेको समाजवादको नाराप्रतिको मोह पनि भंग हुन पुगेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एकैदिन प्रधानमन्त्री एवं काँग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई फोन गरे । मोदीको फोन आ-आफ्नो 'पोजिसन'मा रहेका बामगठबन्धन ...बाँकी ७ पेजमा

## यसरी भयो दैलेख एमालेमा विद्रोह

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । भर्खरै सम्पन्न प्रादेशिक तथा प्रतिनिधिसभाको निर्वाचनमा एमाले, माओवादी केन्द्र र केही साना वाम पार्टीहरूले वाम गठबन्धन निर्माण गरी देशव्यापी चुनावी माहौलनिर्माण गर्दैगर्दा देशको सुदुर पश्चिम र हालको प्रदेश नम्बर ६ अन्तरगत दैलेख जिल्लाको एमालेमा ठूलो विद्रोह भयो । २१ वर्षदेखि एमाले दैलेख जिल्लामा निरन्तर नेतृत्व प्रदान गर्दै आएका एमाले जिल्ला नेता कर्णबहादुर शाहीले देशमा नयाँजनवादी क्रान्ति सम्पन्न गर्ने अभिलासाका साथ नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल दैलेखमा प्रवेश गर्न गरेको निर्णयसँगै एमाले दैलेख जिल्लामा यति ठूलो विद्रोह हुन पुगेको हो । शाही हालको महाबु नगरपालिकाका अत्यन्तै लोकप्रिय नेता हुन् ।

यथास्थितिमा देशमा देखिएको राजनीतिक गत्यावरोधको अन्त्य र समृद्धिको अचुक अस्त्र भनेको बहुमतको सरकार नै भएको भनी वामगठबन्धनले भोट मागिरहँदा शाही र उनको विद्रोही समूहले एमालेमाओवादी गठबन्धनको यो नारा तिर्खाएकालाई सातु मात्र भएको संज्ञा दिएका थिए ।


साम, दाम, दण्ड र भेदका सबै उपायहरू अख्तियार गर्दा पनि आफ्ना स्थानीय नेता तथा कार्यककर्ता रोक्न असफल भएपछि ...बाँकी ६ पेजमा

## सरकार निर्माणको साँचो देशबाहिर

काठमाडौं । प्रादेशिक तथा प्रतिनिधिसभाको निर्वाचन परिणाम सार्वजनिक भएपछि लामै समय वितिसक्दा पनि दुवै तहका सरकार गठनको प्रक्रिया अघि बढ्न सकेको छैन । एमाले–माकेको वाम गठबन्धन भागबण्डाको खिचलो झिकेर कुर्सी प्राप्तीको खेलमा लिप्त हुन पुगेको छ । निर्वाचनमा बहुमत पाए आफूहरूले वामवृत्तको स्थिर सरकार दिने र समाजवाद निर्माणका कार्यक्रमहरू सार्वजनिक गरिने भनी जनता माझ गरेका वाचाहरू क्रमशः ठट्टामजाकमा उड्न थालेका छन् । एमाले नेता केपी ओली र माओवादी केन्द्रका नेता पुष्पकमल दाहालबीच अव्यक्त र ती दुई पार्टीका अरु नेता तथा कार्यकर्ताबीच व्यक्त हुने गरी कुर्सीकेन्द्रित रस्साकस्सी सञ्चारमाध्यम र सामाजिक सञ्जाल मार्फत् सतहमाथि आएको छ ।

प्रधानमन्त्री को बन्ने भन्ने कुर्सीको विवादले वाम सरकार निर्माणको सामान्य आँकलन शङ्काको घेरामा पर्न गएको छ । वाम गठबन्धनले बहुमत नै प्राप्त गरे पनि विदेशी शक्तिहरूले नेपालमा बन्ने भनिएको वाम सरकारको जोडघटाउ गरिरहेका छन् । यसरी सरकार बनाउने र गिराउने जोडघटाउ विदेशमा भइरहँदा नेपालमा भने निर्वाचित गठबन्धनभित्रका पार्टीहरू एकअर्काका अन्तरविरोधहरू खोज्न र खुइल्याउन उद्दत् देखिन्छन् । यो उनीहरूमा अन्तरनिहित निम्न पुँजीवादी छलकपटपूर्ण मानसिकताको उपज हो, जसले विदेशी खेललाई उर्वरता प्रदान गरिरहेको छ । ...बाँकी ६ पेजमा

## जेरुसेलम विवादमा ट्रम्प



काठमाडौं । जेरुसेलमलाई इजरायलको राजधानीको मान्यता दिने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयको विरुद्धमा संयुक्त राष्ट्रसंघमा दर्ता गरिएको गैरबाध्यकारी प्रस्तावको समर्थनमा नेपालले मतदान गरेको छ ।

संयुक्त राष्ट्रसंघमा भएको मतदानमा प्रस्तावको समर्थनमा मतदान गर्ने १२८ देशमध्ये नेपाल पनि एक बनेको हो । प्रस्तावमा अमेरिकाको नाम भने उल्लेख छैन । प्रस्तावमा जेरुसेलमबारे गरिएको निर्णय कार्यान्वयन नगर्न र खारेज गर्ने मात्र उल्लेख छ ।

अमेरिकी ...बाँकी ४ पेजमा

## 'विकास' 'सम्बृद्धि' र 'समाजवाद'को लफ्फाजी

नेपालमा करिब एक वर्षको अबधि स्थानीय, प्रादेशिक र संघीय तहका निर्वाचनहरू एकपछि अर्को गरी लगातार रूपमा भैरहेका छन् । त्यसक्रममा हालसालै संघीय संसद अथवा प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचनहरू एकसाथ भएका छन् र ति निर्वाचनका परिणामहरू पनि आइसकेका छन् । निर्वाचनको परिणामले एमाले पहिलो, नेका दोस्रो र माके तेस्रो पार्टी बनेको छ ।

संघीय र प्रादेशिक निर्वाचनहरूको घोषणा भएपछि नेपालका प्रतिगामी प्रतिकृयावादी र दक्षिणपन्थी संशोधनवादी तत्वहरूको बिचमा तालमेल र गठबन्धन निर्माण गर्ने प्रतिस्पर्धा चल्यो । त्यसक्रममा सर्वप्रथम एमालेको नेतृत्वमा माके समावेश भएर कथित 'वाम गठबन्धन' निर्माण भयो र उनीहरूले एउटै निर्वाचन घोषणा-पत्र जारी गरेर अन्ततः पार्टी एकतासम्म पुग्ने कुरा गरेका छन् । 'वाम' गठबन्धन बनेको प्रतिकृयास्वरूप नेकाले आफ्नो नेतृत्वमा राप्रपा जस्ता प्रतिगामी तत्वहरूलाई समेटेर कथित 'लोकतान्त्रिक गठबन्धन' निर्माण गरेको घोषणा गऱ्यो । तर वास्तवमा त्यो नाम मात्रमा भएर सीमित भयो ।

> सर्वप्रथम एमालेको नेतृत्वमा माके समावेश भएर कथित 'वाम गठबन्धन' निर्माण भयो र उनीहरूले एउटै निर्वाचन घोषणा–पत्र जारी गरेर अन्ततः पार्टी एकतासम्म पुग्ने कुरा गरेका छन् ।



● परि थापा ●

निर्वाचनका दौरानमा नेका, एमाले र माकेले आ-आफ्ना पार्टी र गठबन्धनले बहुमत हासिल गरेर सरकार गठन गर्ने अवसर प्राप्त गरेमा देशमा विकास र सम्वृद्धि ल्याउने र स्थिरता कायम गर्ने फोस्रा नाराहरू मात्र दिएनन् कि देशमा समाजवाद नै ल्याउने झुट्ठा आश्वासनहरू मार्फत् जनताका आँखामा छारो हाल्ने काम गरेका छन् । यस सन्दर्भमा नेका र उसको गठबन्धनले भन्दा एमाले र उसको गठबन्धन र प्रखर एवं व्यापकरूपमा हल्ला मच्चाउन सफल भयो र भएको छ ।

नेकाले आफुलाई 'प्रजातान्त्रिक समाजवाद'को हिमायति बताउने तर व्यवहारमा भने पुँजीवादको विकृतरूप बजार अर्थतन्त्रमा आधारित नवउदारवादलाई अंगालेर हिडिरहेको छ । त्यसैगरी एमाले र माकेले आफुलाई समाजवादको मात्र नभएर साम्यवादको नै हिमायति भएको बताउँछन् तर व्यवहारमा भने नेकाले जस्तै नवउदारवादी अर्थनीतिलाई अंगिकार गरेका छन् । यसरी व्यवहारतः नै नेका, एमाले एव् माकेले भन्ने गरेका समाजवाद र साम्यवादका विषय पाखण्ड बाहेक अरु ...बाँकी ७ पेजमा

## सम्पादकीय

# क्रान्तिकारी एकताको पहल गरौं !

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन हुने निश्चित भएपछि आफ्नो चरित्रानुसार राजनीतिक पार्टीहरूको बीचमा एकीकरण र ध्रुवीकरण सुरु भयो । सबभन्दा पहिले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले निर्वाचनपछि पार्टी एकता गर्ने भन्दै चुनावी गठबन्धन गरे । उनीहरूले त्यसको नाम वाम गठबन्धन राखे । वास्तवमा एमाले र माओवादी केन्द्र वामपन्थी चरित्र गुमाइसकेका पार्टीहरू हुन् । ती पार्टीहरू प्रतिक्रियावादमा पतन भएका दक्षिणपन्थी संशोधानवादी पार्टीहरू हुन् । त्यसकारण त्यो गठबन्धन वामपन्थी होइन, प्रतिक्रियावादमा पतन दक्षिणपन्थी संशोधनवादी शक्तिहरू बीचको गठबन्धन थियो, हो ।

एमाले र माओवादी केन्द्र बीच वाम गठबन्धन भएपछि नेपाली कांग्रेसको नेतृत्वमा अर्को गठबन्धन भयो र त्यसको नाम उनीहरूले लोकतान्त्रिक गठबन्धन राखे । वास्तवमा त्यो पनि लोकतान्त्रिक गठवन्धन थिएन र होइन । त्यो पनि प्रतिगामी शक्तिहरू वीचको गठवन्धन थियो र हो ।

राष्ट्रिय पार्टी बन्न ३% थ्रेसहोल्डको व्यवस्था गरेपछि अफ्नो चरित्रानुसार स-साना अन्य राजनीतिक पार्टीहरू पनि कोही वाम गठवन्धनमा त कोही लोकतान्त्रिक गठबन्धनमा सामेल हुन पुगे । यसरी प्रतिक्रियावादी शक्तिहरू दुई कित्तामा ध्रुवीकृत भएर उनीहरू चुनावी मैदानमा उत्रिए । तथाकथित लोकतान्त्रिक गठबन्धनको तुलनामा कथित वाम गठबन्धनले जनतामा भ्रम दिन सफल भयो ।

यी दुवै गठबन्धनले राष्ट्रिय स्वधीनताको रक्षा र आम शोषित पीडित वर्ग र उत्पीडित जाति समुदायको आधारभूत समस्याहरूको समाधान गर्न सक्दैनथ्यो, सक्दैन । किनभने आन्तरिकरूपमा यिनीहरूले दलाल तथा नोकरशाही पुँजीपति र सामान्त वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछन् भने वाहय रूपमा साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको अगाडि आत्मसमर्पण गर्दछन् । जसको पुष्टि निर्वाचन परिणामपछिका उनीहरूका गतिविधिले प्रष्ट पारिसकेका छन् ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा विकराल समस्या दिनदिनै थपिदै गएका छन् । यस प्रकारको अवस्थामा राष्ट्रिय स्वाधीनताको रक्षा, आम शोषित पिडित वर्ग जाति लिङ्ग र समुदायको हकहितको प्राप्ति र रक्षाको लागि एउटा क्रान्तिकारी शक्तिको निर्माण गर्नु आजको प्रमुख आवश्यकता बनेको छ । त्यो आवश्यकतालाई पुरा गर्न अब विभिन्न पार्टी र समुहमा छरिएर रहेका सच्चा क्रान्तिकारीहरू एकीकृत र ध्रुवीकृत हुन जरुरी भैसकेको छ ।

सच्चा क्रान्तिकारीहरू बीचको एकता स्वतःस्फूर्त रूपमा हुने छैन र हुने पनि देखिन्न । त्यसकारण सबै क्रान्तिकारीहरूले आ-आफ्नो ठाउँबाट एकीकरण र ध्रुवीकरणको लागि पहलकदमी सुरु गर्न आवश्यक छ । निश्चय नै क्रान्तिकारी सिद्धान्त, राजनीति र संगठनात्मक प्रणालीलाई छोडेर एकीकरण र ध्रुवीकरणको प्रकृयालाई अगाडि बढाउन हुन्न । यदि त्यसो गरियो भने नाममा क्रान्तिकारी ध्रुवीकरण भनिए पनि सारमा त्यो गैरक्रान्तिकारी ध्रुवीकरण नै हुने छ । त्यसकारण क्रान्तिकारी सिद्धान्त, राजनीति र संगठनात्मक प्रणालीको विषयमा वहसहरूलाई गम्भिर रूपमा अगाडि बढाउँदै तत्काल राष्ट्रिय स्वाधिनता, जनतन्त्र र जनजीविकाको सवाललाई लिएर सहकार्य गर्न अगाडि बढौं । क्रान्तिकारीहरूले मात्र गर्न सकेनन् भने आम शोषित पीडित जनता तिनै तथाकथित गठबन्धनहरू दुई मध्ये एउटालाई रोज्न बाध्य हुनेछन् । त्यो स्थितिको सृजना हुन नदिनु क्रान्तिकारीहरूको अहम् दायित्व हो । त्यसकारण क्रान्तिकारी एकीकरण र ध्रुवीकरणको लागि सबै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूले आ-आफ्नो ठाउँबाट सक्रिय भूमिका निर्वाह गरौं ! नयाँ जनवादी क्रान्तिको तयारीका लागि प्रतिरोध संघर्षलाई संगठित गर्दै अगाडि बढौं !

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# बढ्दो वामपन्थी जनमत, कमजोर कम्युनिष्ट आन्दोलन



● प्रेम सुवेदी ●

नेपाली जनताको अभिमत वामपन्थी आन्दोलनतर्फ बढ्दै गएको पाईंन्छ । तर, कम्युनिष्ट आन्दोलन झन कमजोर बन्दै गएको कुरा सबैबाट सुन्दा यो आफैमा अन्तरविरोध जस्तो देखिन्छ । यो विषयमा गंभीर वहस र छलफलको आवश्यकता छ । जुन देशका जनताको बढी मत वामपन्थी आन्दोलनको पक्षमा छ त्यही देशमा कम्युनिष्ट आन्दोलन कमजोर अवस्थामा छ भन्ने कुरा कति युक्तिसंगत हुन्छ ? यो प्रश्नको जवाफ सही ढङ्गले खोज्न जरुरी छ । सामान्य रूपमा हेर्दा जनमतद्धारा नै कम्युनिष्ट व्यवस्था कायम गर्न सकिने आँकलन देखिने तर व्यवहारतः साम्राज्यवादी अर्थनीति र पूँजीवादी राजनैतिक प्रणाली कै पक्षमा वकालत गर्ने र त्यसको कार्यन्वयनबाट वाहिर निस्कन नसक्ने कुराले स्वयं कम्युनिष्ट आन्दोलनलाई कमजोर र पूजीवादी राजनीतिलाई बलियो बनाएको कुरा स्पष्ट देखिन्छ ।

नेपाल र विश्व कै कम्युनिष्ट आन्दोलन यतिवेला कमजोर अवस्थामा रहेको कुरा धेरैतिरबाट स्वीकार गरिएको पनि छ । तर त्यसका बावजुद पनि जनताले आफ्नो अभिमतद्धारा चुनौती नै दिएका छन । यो कुरा अहिलेको निर्वाचनसँग मात्र होइन विगतका निर्वाचनले पनि देखाउँछ । त्यसैले जनताको त्यो अभिमतको सम्मान र देशमा कम्युनिष्ट आन्दोलनको नाममा मत प्राप्त गरे । तर, तिनीहरू स्वयंले आफूहरू कम्युनिष्ट नभएको तथा देशमा कम्युनिष्ट व्यवस्था नआउने र आफूले यही व्यवस्था, यही संविधानलाई कार्यन्वयन गर्ने प्रतिबद्धता गरिरहेका छन् । एकातर्फ भोट माग्दा कम्युनिष्टको नाममा माग्ने र यहि संसदीय व्यवस्थालाई बलियो बनाउने भन्नेहरू र अर्कोतर्फ यो व्यवस्थाको भण्डाफोर गर्दै यसको विकल्पमा नयाँ जनवादी क्रान्तिको आवश्यकतामा जोड दिंदै कम्युनिष्ट आन्दोलनका मूल्य मान्यतालाई अगाडि बढाउन पर्दछ भन्ने दुई धारा बीच आन्दोलन विभाजित छ । यो विभाजन आफैमा कम्युनिष्ट र गैर कम्युनिष्ट बीचको विभाजन हो । तर, जनताको कोणबाट यी सबैलाई समान देख्ने जुन चिन्तन छ, त्यो नै छलफलको मूख्य विषय बन्न गएको छ । जनताका चेतना जबसम्म आलोचनात्मक तहमा विकास हुँदैन, तबसम्म यसप्रकारका भ्रमहरू देखिन्छन । हाम्रो गाँउमा पुछाराघरे भन्ने एउटा घर थियो र अहिले पनि छ । पहिले त्यो घर भन्दा तल अरु घर थियनन् । त्यसकारण त्यसलाई पुछाराघरे भन्ने कुरा स्वभाविक र सहि पनि थियो । तर, अहिले त्यो भन्दा धेरै घरहरू त्यो घर भन्दा तल छन् । अहिले त्यो घर गाँउको बीचमा नै पर्दछ तर पनि मान्छेले त्यसलाई पुछाराघरे भन्ने चलन जस्तै यहाँ पनि कम्युनिष्ट आन्दोलनमा हिजो भूमिका खेलेका तर अहिले कम्युनिष्ट नभएकाहरूले वास्तवमा भ्रम सिर्जना गरे । त्यो भ्रमबाट जनतालाई प्रष्ट गर्न नसक्नु कम्युनिष्टहरूको पनि कमजोरी एकातर्फ देखिन्छ भने, आर्कोतर्फ जसले कम्युनिष्ट आन्दोलनका मूल्य मान्यता र आदर्शलाई परित्याग गरेर पूजीवादी व्यवस्थाको पक्षमा खडा भएका छन्, त्यो कुरालाई सही ढङ्गले जनताले बुझ्न नसक्दा पनि यो समस्या हाम्रा अगाडि गंभीर बन्न पुगेको हो ।

नेपालको यो परिवेशलाई दोस्रो अन्तराष्ट्रियताकाको रुस र जर्मनको पार्टीसँग जोडेर हेर्नु पर्ने देखिन्छ । त्यतिवेला पार्टी संगठनका दृष्टिकोणले रुसको पार्टी भन्दा कयौं गुणा शक्तिशाली जर्मनको पार्टी थियो । तर कमजोर अवस्थामा रहेको रुसको पार्टीले पहिलो विश्व युद्धको अन्तरविरोधलाई कुशलता पूर्वक प्रयोग गरेर अक्टुवर क्रान्ति सम्पन्न गऱ्यो । तर, शक्तिशाली जर्मनको पार्टी साम्राज्यवादको गोटी बन्यो र अन्ततः कम्युनिष्ट आन्दोलन नै ध्वस्त बनायो । त्यो घटनाबाट हामीले शिक्षा लिन जरुरी छ । नेपालको कम्युनिष्ट आन्दोलनमा पनि ती दुबै प्रवृत्ति विद्यमान रहेको देख्न सकिन्छ । कम्युनिष्ट आन्दोलनको नाममा जनमत प्राप्त गरेका पार्टीहरू एमाले र माकेले हामीले कुनै पनि हालतमा कम्युनिष्ट व्यवस्था ल्याउदैन, अहिलेकै संविधानको कार्यन्वयन र त्यसैको रक्षा नै आफ्नो उद्देश्य भएको कुरा गर्दै आएका छन् भने क्रान्तिकारीहरूले यसको विकल्प नयाँ जनवादी क्रान्ति गर्दै समाजवादमा जाने कुरा गरिरहेका छन । यसरी अहिलेको कम्युनिष्ट आन्दोलन प्रति दुई अलग अलग दृष्टिकोणहरू रहेको कुरा प्रष्ट छ । नयाँ जनवादी क्रान्तिको पक्षमा रहेका सबै शक्तिहरूलाई गोलबन्द गर्ने विषयलाई केन्द्रमा राखेर कम्युनिष्ट आन्दोलनलाई पुर्नगठित गर्नुपर्ने आवश्यकता छ । तसर्थ, शब्दलाई होइन, उद्देश्य र कार्यक्रमलाई प्राथामिकतामा राख्ने क्रान्तिकारी शक्तिहरू एकजुट हुनु पर्ने समयको माग हो । समयको यो माग र आवश्यकतालाई आत्मसात गर्ने कुरामा यदि कम्युनिष्ट क्रान्तिकारीहरूले ध्यान नदिने हो भने सर्वहारा वर्गको आन्दोलनको पक्षमा रहेको भावना र अभिमत अरु विसर्जन तर्फ जाने खतरा बढ्दै गएको छ । तसर्थ, नेपालको कम्युनिष्ट आन्दोलनमा क्रियाशिल वामन्थी शक्तिहरू जो नयाँ जनवादी क्रान्तिको पक्षमा छन ती सबैले आ-आफ्ना ठाँउमा आत्मासमिक्षा गर्दै एकीकृत हुनुपर्ने देखिन्छ ।

कम्युनिष्ट आन्दोलनका विरुद्ध चलेका र चलाइएका साम्राज्यवादी नीति, त्यसले पारेको नकारात्मक प्रभाव र त्यो नीतिसँग आत्मसमर्पण गर्न पुगेका दक्षिणपन्थी संसोधनवादीहरूले कम्युनिष्ट आन्दोलनमा जसरी हमला गरेका छन । त्यसलाई परास्त गर्न र देशमा रहेको दलाल नोकरशाही पूजीपति तथा सामन्तवादी राज्य सत्ताको उन्मुलन र नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादमा पुग्ने उदेश्यलाई केन्द्रविन्दुमा राखेर छलफल गर्न जरुरी छ । विगतमा भएका जनयुद्ध, जनआन्दोलन र ऐतिहासिक संघर्ष प्रति रहेका आ-आफ्ना दृष्टिकोणलाई मात्र आधार बनाएर होईन, आजका चुनौति र संभावनालाई हेरेर कार्यक्रम र उद्देश्यलाई केन्द्रमा राखेर छलफल अगाडि बढाउनु पर्ने देखिन्छ । कुनै घटना विशेषलाई केन्द्रविन्दु बनाउने दृष्टिकोणले आम कार्यदिशा निर्माणमा कतिपय समस्याहरू उत्पन्न हुन सक्दछन । ती विषयमा पनि मूल्यांकन गर्ने स्पष्ट ढोका खुला राख्दै कम्युनिष्ट क्रान्तिकारीहरूले मुख्यतः सर्वहारावर्गको मूक्ति र आन्दोलनलाई केन्द्र भागमा रोखेर छलफल गर्नु पर्ने आवश्यकता छ ।

नेपालको कम्युनिष्ट आन्दोलनको स्थापनादेखि जसरी सामन्तवाद र साम्राज्यवादको अन्त्य गरेर देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको दिशा अगाडि बढ्ने कुरा उठ्दै आएको छ त्यसलाई साकार पार्न मूख्यतः कम्युनिष्ट क्रान्तिकारीहरू अनिवार्य रूपमा एकीकृत हुनैपर्छ । तर वेग्ला वेग्लै ठाँउबाट त्यो उद्देश्य प्रति व्यक्त गरिने सद्भाव वा प्रचारले समग्र एकीकृत आन्दोलनको निर्माण हुन सक्दैन । यो वास्तविकतालाई जबसम्म आत्मासात गरिदैन तबसम्म कम्युनिष्ट आन्दोलनले ठोस गति र दिशामा अगाडि बढ्न सक्दैन । जबसम्म सहि ढङ्गले संगठन संघर्ष र कार्यक्रम बीच अगाडि आउदैन तबसम्म संसोधनवादी हावी हुने र जनतालाई भ्रम दिन सफल हुनेछन । जनमतले देखाएको कम्युनिष्ट आन्दोलन प्रति सद्भाव र जनमतलाई पनि क्रान्तिकारी आन्दोलनद्धारा विश्वासमा लिन सकिन्छ र त्यसले मात्र आजको कमजोर कम्युनिष्ट आन्दोलनलाई शक्तिशाली बनाउन मद्दत मिल्ने छ ।

## झर्रोटर्रो — ✍ कैलुब्राह

# प्युठानी सिंहको गर्जन

सिंह भनेको बाघकै प्रजाती हो । यसलाई बाघको राजा पनि भन्ने चलन छ । सिंहले आफूलाई सर्वश्रेष्ठ ठान्छ । अब्बल दर्जाको जङ्गली प्राणि भनेर हुङ्कार गर्छ । प्युठानी सिंहले पनि आफूलाई मार्क्सवादका धुरन्धर सिंह ठान्छन् । मार्क्सवादका पण्डा ठान्छन् । अब्बल ठान्छन् र आफ्नो थर पनि जिसि हटाएर सिंह राखेका हुन् । कम्युनिस्टले संसदीय व्यवस्था मान्दैनन् । सिंह पनि कम्युनिस्ट भएकाले आफूलाई अर्धभूमिगत राखेका छन् । पत्रपत्रिका, रेडियो, टेलिभिजनमा भने टाउको नदेखाएर शरीर मात्रै देखाउँछन् । भूमिगत रूपमा सिंहदरवार छिर्छन् र संसदवादका ठेकेदारहरूसँग चाखे थापेर आउँछन् । यतिवेला पनि आफ्नी परमप्रिय पोथी सिंहलाई संसदवादी कम्निस्टका मसिहाहरूबाट भिक्षा दिलाएर संसदमा छिराएका छन् । अब आफ्नो गर्जन पोथी मार्फत् गर्ने छन् र उत्तरार्द्धमा पुगेको आफ्नो जिवास्मालाई बैतरणी तराउने छन् । यसै क्रममा उनको अर्धभूमिगत गर्जनको वक्तव्य झर्रोटर्रो कार्यालयमा टुप्लुक्क आइपुग्यो । त्यसलाई जस्ताको तस्तै यहाँ प्रकाशित गरिएको छ ।

*'प्रिय भिक्षादाता माहानुभावहरू !*

आज लोकतान्त्रिक गणतन्त्रको संविधान अनुसार केन्द्र र प्रदेशको चुनाउ सकिएको छ । हामीले पहिले नै प्रकास हालेका थियौं कि संसदीय व्यवस्था र सङ्घीयता मान्दैनौं । संसदीय व्यवस्था पो मान्दैनौं तर मन्त्री, सांसदको पद र सरकारी पैसा त मान्दैनौं भनेका छैनौं । सङ्घीयता पो मान्दैनौं तर प्रदेशबाट लिने सरसुविधा र लत्ता भत्ता खान्चौं । आजिवन खाइरहन्चौं भन्ने कुरा प्रकास हाल्न चाहन्छु । त्यसैले हाम्री परमप्रिय पोथी सिंह कामरेड दूर्गा मातालाई मेरै निवासस्थानको जिल्लाबाट र हाम्रो पार्टीका आर्को जिल्लाका कामरेडलाई प्रदेशबाट भोटको भिक्षा दिएर जिताउने सबै भिक्षादाताहरूलाई हार्दिक धन्यावाद दिन चाहन्छु ।

यतिबेला सूर्यछाप र गोलघेरेका बिचमा बाम गठबन्धन बनेको छ । हामीले पहिले नै प्रकास हालेका थियौं कि यो गठबन्धन संसोधनवादीहरूको गठबन्धन हो । त्यो उनीहरूको जात धर्मअनुसारको हो । अहिले यही गठबन्धनको आशिर्वादले हाम्री पोथी सिंहलाई जिताएको हुनाले यो गठबन्धन खाँटी राष्ट्रवादी कम्युनिस्टको हो र एकदम ठिक छ भन्ने हाम्रो मान्यता रहिआएको छ । हाम्रो पार्टीले देशमा नयाँ जनवादी क्रान्ति गर्ने हो भन्ने कुरा त विगतदेखिका दस्तावेज र वक्तव्यबाट प्रकास हालेकै छौं । क्रान्ति गर्ने परिस्थिति तयार नहुँदासम्म संसदलाई उपयोग गर्न नछोड्ने कुरा पनि प्रकास हालेकै हौं । हामी बाहेक अरु कसैले पनि क्रान्ति गर्छ भने त्यो उग्रवाद हुन्छ भन्ने कुरामा हामी स्पष्ट छौं र पार्न चाहन्छौं । त्यसैले विगतमा जनयुद्धको हामीले विरोध गरेका हौं । हामी बाहेक अरुले अरुसँग मिलेर जाने नीति ल्याउँछ भने त्यो गद्दारी हुन्छ भन्ने कुरा पनि यहाँ प्रकास हाल्न चाहन्छौं । विगतमा कामरेड पुष्पलालले चारतारेसँग सहकार्य गर्ने नीति अगाडि सारेको हुनाले हामीले गद्दार भनेका हौं र किताव पनि प्रकाशित गरेकै हौं । परन्तु हामीले चारतारेसँग मिलेर चुनाउ लड्ने नीति गाउँतहको चुनाउमा लिएका थियौं । यतिवेला वामहरूले हामीलाई बैतरणी तराउने बाचा नगरेको भए चारतारेको फेरो समाएरै भए पनि वैतरणी तर्ने नीति लिएको कुरा यहाँ प्रकास हाल्न आवश्यक ठान्चौं । जनवादी क्रान्ति नगर्दासम्म चुनाउमा भाग लिने र मौका पाइएमा सरखारमा जाने कुरामा हामी स्पष्ट छौं ।

क्रान्ति आफै हुने कुरा हो । कसैले जबर्जस्ति गरेर हुँदैन । त्यसैले हामीले क्रान्तिको तयारी कहिल्यै पनि गरेनौ र गर्ने पनि छैनौं । क्रान्ति गर्ने भनेको वर्गसङ्घर्ष हो तर बन्दुक चलाउने, मारकाट गर्ने कुरालाई हामीले विश्वास गर्दैनौं । बरू सरकारमा जाने कुरामा हामीले विश्वास गर्छौं । विगतमा सूर्यछापका नेता कामरेड उखानप्रसादको सरकारमा जाने नीति लिएका थियौं । त्यतिवेला हाम्री पोथी सिंहलाई पठाउने योजना थियो तर उखानबहादुरले टपकाइदिए र कामरेड दूर्गेमातालाई जिल्ल पारे । त्यही भएर यसपाला उनलाई संसदमा जाने बाटैबाट चिप्ल्याइदियौं । यसपाली दूर्गेमाता मात्रै सांसद भएको हुनाले अब बन्ने सरखारमा उनी मन्त्री बन्न पार्टीमा रोकटोक हुने छैन । यो बडा गजबको सुनौलो अवसर हो । उनी मन्त्री बन्नु भनेको मेरो जीवनमा जनवादी क्रान्ति सम्पन्न हुनु हो भन्ने कुरा प्रकास हाल्न चाहन्छौं ।

सरखारमा जाने पार्टीहरूका बीचमा बाम गठबन्धन बनेपछि चारैतर्फ हलचल र हावाहुरी चलेको छ । यसले हाम्रो पार्टीलाई पनि प्रभावित गरेको छ । यसबाट हाम्रा रैती कार्यकर्ता विचलित हुन जरुरी छैन । हामी कसैसँग एकता गर्न आवश्यक ठान्दैनौं । हाम्रो पार्टी भूमिगत छ अरु खुल्ला छन् । भूमिगत पार्टी र खुल्ला पार्टीका बीचमा कसरी एकता होला ? यो संभव छैन । हामी जस्ता अरु छैनन्, अरु जस्ता हामी छैनौं । जहाँसम्म सरकारको कुरो छ, सरकारमा जानका लागि कसैसँग एकताको जरुरी छैन । हाम्री पोथी कामरेडलाई पठाएकै छौं । यसपाला पनि कामरेड उखानप्रसादको सरकार हुने भएकाले हामीलाई पनि भागबण्डामा पार्ने छन् भन्नेमा विश्वस्त छौं ।

यतिवेला हामीले क्रान्तिको दस्तावेज लेख्दै छौं । त्यो दस्तावेजको नाम हो कामरेड जलजला । कामरेड जलजलासँग मेरो अत्यन्तै घनिस्ट साइनो सम्वन्ध र मित्रता थियो । उनको नाममा हामी विच्छिप्त भएर अझैसम्म अर्धभूमिगत जीवन विताइरहेका छौं । राजावादी व्यवस्था सकिएर गणतन्त्र आइसक्यो, चारतारे, सूर्यछाप, हलोछाप आदि इत्यदिसँग संसदमा र सरकारमा समेत बसेर सँगै डकारेका छौं तर पनि पार्टीलाई भूमिगत राख्नु भनेको चानचुने कुरा होइन । यो नै हाम्रो क्रान्तिकारी पहिचान हो । कामरेड जलजला नामको कृति अर्थात् दस्तावेज तयार गरेपछि जनवादी क्रान्ति पूरा हुने र समाजवादतिर जाने कुरामा हामी प्रस्ट पार्न चाहन्छौं । आगे उप्रान्त सरखार बनेपछि हाम्रा धारणा प्रकास हाल्दै जाने छौं । धन्यावाद ।'

*७ पुस २०७४*

*kailubraha73@gmail.com*

# प्रचण्डले होइन, पैसाले जितेको हो चुनाव



❑ टंकनाथ रेग्मी 'गोर्खाली

(चितवनको ३ नं. निर्वाचन क्षेत्रबाट माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पूर्वप्रम प्रचण्डसँग चुनावी प्रतिस्पर्धामा उत्रिएका टंकनाथ रेग्मी'गोर्खाली' माओवादी आन्दोलनमा अपरिचित नाम होइन । दशवर्षे जनयुद्धकै प्रक्रियामा आफ्नो आफ्नो जीवन संगिनी गुमाउनु भएका गोर्खाली त्यही जनयुद्धका शीर्ष नेता समेत रहेका प्रचण्डलाई अहिले कम्युनिष्ट समेत भन्न रूचाउनु हुन्न । प्रचण्डले दशवर्षे महान जनयुद्ध, सहिदहरूको महान बलिदानमाथि धोका र गद्दारी गर्दै आमूल परिवर्तनका मुद्दाहरूसहित वर्गसंघर्षको मान्यता समेत परित्याग गरेर प्रतिक्रियावादमा पतन हुन पुगेकोले प्रचण्ड कम्युनिष्ट नरहेको उहाँको दावी छ । गणितीय खेलमा प्रचण्डसँग फराकिलो मत अन्तरले पराजित हुन पुगे पनि दशवर्षे जनयुद्ध, सहिदहरूको बलिदानको सम्मान, जनयुद्धले उठाएका मुद्दाहरूको निरन्तरता, आदर्श र मूल्यको राजनीतिका हिसाबले नैतिक रूपमा आफ्नो जित भएको दावी प्रस्तुत गर्नुहुन्छ । उहाँसँगको भेटमा गरिएको महत्वपूर्ण कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ । - सं.)

**प्रचण्डसँगको चुनावी प्रतिस्पर्धामा तपाई फराकिलो मतान्तरले पराजित हुनु भयो, कस्तो अनुभूति गर्नु भएको छ ?**

गणितीय परिणामका हिसाबले प्रचण्डको जीत भए पनि नैतिकता, आदर्श, मुल्यमान्यता र दश वर्षको जनयुद्धका मुद्दा र बलिदानको सपनाका हिसाबले मेरो जित भएको छ । यो अग्निपरीक्षामा म पास भएको छु । माओवादी केन्द्र दक्षिणपन्थी संशोधनवादी यात्रा गर्दै प्रतिक्रियावादमा पतन हुन पुग्यो । उसले जनयुद्धका सबै एजेण्डाहरू परित्याग गर्‍यो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू सडकमा मिल्क्याइ वर्ग संघर्षको बाटो छाडेका हुनाले माके कम्युनिष्ट पार्टी नै थिएन । कहिले राप्रपा, कहिले काँग्रेस त कहिले एमालेसँग मिलेर उसले आफ्नो वास्तविक चरित्र प्रदर्शन गरिसकेको छ । यही पृष्ठभूमिमा भएको निर्वाचनमा मैले प्रचण्डलाई चुनौति दिँदै उम्मेदवारी दिएँ, र उनलाई नैतिक रूपमा पराजित गरेँ ।

**तर जनतालाई त उनैलाई जिताए नि ?**

संसदीय व्यवस्थामा गरिने चुनावले जनताको वास्तविक जनमत अभिब्यक्त गर्दैन । राज्य शक्ति र पैसाको दुरूपयोग गरेर उनले चुनाव जितेका हुन् । पैसा र राज्य शक्तिको दुरूपयोग नगरी हामीले जस्तै साधन श्रोतको मात्र प्रयोग गरी चुनावी प्रतिस्पर्धामा उत्रने हो भने उनको हार निश्चित थियो । उनले छलकपट, षडयन्त्र, साम, दाम, दण्ड, भेद गरेर मात्र चुनाव जितेका हुन् । उनले जनतामा जेजति झुठा आश्वासन दिएका छन्, त्यो कदापी पुरा गर्ने छैनन् ।

**तपाईलाई उम्मेदवारी फिर्ता लिन प्रचण्डले राजदुत बनाइदिने आश्वासन दिएको भन्ने पनि सुनियो ?**

प्रचण्ड आफैले र उनका पार्टीका नेता कार्यकर्ता लगाएर मेरो उम्मेद्वारी फिर्ता गराउन सकेसम्मको घेराबन्दी गरे । यहाँसम्म कि मलाई राजदुत बनाइदिने, चाहे जति पैसा दिने, परिवारका सम्पूर्ण व्यवस्थापन गरिदिने लगायत प्रलोभन दिए । केही पार नलागे पछि उनीहरू हाम्रो पार्टीका महासचिव क.किरणसम्म उम्मेदवारी फिर्ता गराइदिनु पर्‍यो भन्दै डेलिगेसन जान समेत भ्याएछन् । तर मैले आफ्नै घर परिवार समेतलाई लगाएर गरिएको सबै घेराबन्दी तोडी अडिग र अबिचलित रूपमा चुनावी मैदानमा कथित गठबन्धनहरूका विरुद्धमा उभिरहैं ।

**जनता सत्ता, शक्ति र पैसाबाट प्रभावित हुनुको कारण के देख्नु हुन्छ ?**

पहिलो कुरो त, पटक पटक धोका खाएका जनतामा जुन जोगी आए पनि कानै चिरेको भन्ने बुझाई देखिन्छ । दोश्रो, संसदवादी दलका नेताहरूले देशको खर्बौं सम्पत्तिमा लुट मच्चाउँदा भएको छ भने हामीले पनि यिनीहरूको पैसा खाँएर भोट दिँदा के फरक पर्छ र ? भन्ने बुझाईले पनि घर गरेको देखिन्छ । तेश्रो, हाम्रो पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई जनताले वैकल्पिक राजनैतिक शक्तिका रूपमा बुझ्न नसक्नु, चिन्न नसक्नु र हामी आफैले पनि बुझाउन नसक्नु लगायतका कारणहरू रहन गए ।

हामीले हाम्रो मोर्चा नै अबको वैकल्पिक राजनैतिक शक्ति हो भनेर जनतालाई बुझाउन नसक्नुको जिम्मेवारी मैले पनि लिनु पर्छ । यस पटकको चुनावबाट के अनुभूति भयो भने अब चौधरी ग्रुप, गोल्छा, खेतान जस्ता धनाढ्य ब्यापारी, पुँजीपति, पैसावालहरूले मात्र चुनाव जित्ने देखिन्छ ।

**निर्वाचनमा तपाई जित्ने हिसाबले नै लड्नु भएको थियो कि मात्र उपयोग गर्ने हिसाबले ?**

हामी पार्टी तथा मोर्चाको नीति अनुसार प्रतिक्रियावादी राज्यसत्ताको भण्डाफोर गर्ने र नयाँ जनवादी क्रान्तिको लागि जनाधार निर्माण गर्ने उद्देश्यलाई केन्द्रमा राखेर निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने हिसाबले नै उम्मेद्वारी दिएको थिएँ । हामीले जनताको वीचमा प्रष्ट रूपमा भन्यौं - हामी यो संविधान जलाएर आएका हौं, यो जनताको संविधान होइन, यसले श्रमजीवि शोषित जनताको हकहित र अधिकारको ग्यारेण्टी गरेको छैन । अहिलेको व्यवस्था संसदीय व्यवस्था हो, यही व्यवस्थाको विरुद्ध दस वर्ष जनयुद्ध भएको थियो । जनयुद्ध र हज्जारौंको बलिदानको उद्देश्य विपरित फेरी पनि जनतामा संसदीय व्यवस्था लादिएको छ, यो व्यवस्था रहुँञ्जेल गरि खाने जनताको कुनै पनि हित हुँदैन । जनताले हाम्रा कुरा राम्रैसँग सुनेका छन् । हामी आफ्नो उद्देश्यमा यसर्थ सफल नै रहेका छौं ।

**प्रचण्डले त आकाशे पुल बनाइदिने लगायतका आश्वासन दिएका रहेछन्, तपाईहरूले पनि जनतामा केही आश्वासन बाँड्नु भयो कि ?**

जंगबहादुर राणाले बनाएको जंगे पिलर जुन १५-२० वटाको संख्यामा यस जिल्लाको भारतसँगको सिमा क्षेत्रमा पर्दछन्, त्यसलाई रंग्याउन समेत नसक्ने प्रचण्डले आकाशे पुल र सुरुङ मार्ग बनाइदिने आश्वासनलाई जनताले पत्याउने कुरै हुँदैन । नेपाली आमाको छातीमा भारतीय विस्तारवादले बुट बजारिरहेको छ, पिल्लरहरू भाँचिरहेका छन्, त्यसमा कुनै चासो, चिन्ता नराख्ने प्रचण्डले जनतालाई यस्तो आश्वासन बाँड्नुको कुनै अर्थ छैन । उनीहरूलाई विकास निर्माण गर्न कसले रोकेको थियो ? उनीहरू नै त थिए सरकारमा । तीन वर्ष अगाडि भुकम्प गयो, अहिले पनि भुकम्प पीडितहरू टेण्ट मुनि नै छन् । उनीहरूको घर किन बनाएनन् प्रचण्डले ? पैसा नभएर त होइन रहेछन् नि । त्यसैले प्रचण्डहरूले बनाउने कुरै होइन, उनीहरू त काले काले मिलेर खाउँ भाले भने जस्तै राष्ट्रिय ढुकुटीमा ब्रम्हलुट मच्चाउने मात्रै हुन् । हिजो हामीसँगै चप्पल लगाएर हिँड्ने प्रचण्डसँग आज करोडौं खर्चेर भोट किन्ने औकात कसरी बनाए ? त्यसको जवाफ नेपाली जनता, शहीद परिवारलाई दिनु पर्दैन ?

**जनताका समस्या अहिले पनि ज्युँका त्युँ छन्, चितवनका किसान, मजदुरका समस्याहरू कसरी समाधान हुन सक्छन त ?**

उदार अर्थनीति तथा खुला बजार अर्थतन्त्रका कारण नेपालका किसान र मजदुरहरू प्रत्यक्ष रूपमा मारमा परेका छन् । नेपालका साठी लाख युवाहरू विदेश पलायन हुन बाध्य भएका छन् । यसको कारण पनि त्यही हो । २०४५ सालमा भारतले नाकाबन्दी लगाउँदा नेपालमा उत्पादित धान, चामल, तरकारीको मुल्य सबै घटेको थियो । अहिले २०७३ सालमा भारतले नाकाबन्दी लगाउँदा सबै दैनिक उपभोग्य वस्तुहरूको मुल्य ह्वात्तै बढ्यो, यसको कारण के रहेछ भने त्यसबेला नेपालले भारतमा निर्यात हुने गर्दथ्यो तर अहिले ती सबै भारतबाटै आयात हुने गरेका छन् । भारतीय उत्पादनसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने भएपछि धेरै किसानका छोराछोरी कृषि पेशा छोडेर विदेश पलायन बाध्य भएका छन् । नेपाल अहिले श्रमदासको खानी जस्तै भएका छन् । भारतसमेत गर्दा १ करोड भन्दा बढी नेपालीहरू विदेशी भूमिमा आफ्नो रगत पसिना बेचिरहन बाध्य छन् ।



जनता महान् छन् । अहिले बुझ्न सकेका छैनन्, बुझाउन सकिएको छैन । विस्तारै बुझ्दै जाने छन्, र आन्दोलन नै यी सबै समस्याहरूको समाधानको लागि निर्विकल्प बाटो हो भन्ने निष्कर्षमा पुग्नेछन् । र, हामीले उठाएका राष्ट्रियता र जनजीविकाका यी मुद्दाहरूमा जनता गोलबन्द हुँदै जानेछन् ।

अहिले भन्सार छलेर ९५ प्रतिशत भारतीय सामानहरू नेपाल भित्र्याउने गरेको छ, यसप्रति राज्य पुरै उदासिन रहँदै आएको छ ।

**यी सबै समस्याको वास्तविक समाधान के हुन सक्छ त ?**

यो राष्ट्रिय स्वाधिनता र जनजीविकासँग जोडिएको विषय हो । यसको वास्तविक समाधानको लागि राज्य व्यवस्थालाई बदल्न जरुरी छ, नयाँ जनवादी राज्य व्यवस्थाले मात्रै यी सबै समस्याको समाधान गर्न सक्छ । खुल्ला बजार अर्थनीतिको ठाउँमा आत्मनिर्भर अर्थतन्त्रको विकास नगरी मुलुकमा आर्थिक समृद्धि पनि सम्भव छैन । भारतसँग गरिएका असमान सन्धी, सम्झौताहरूको खारेजी, भारतसँगको खुल्ला सिमा बन्द नगरी चितवन लगायत देशै भरिका किसान, मजदुरका समस्या हल हुन सक्दैन ।

**तपाईले उल्लेख गरेकै मुद्दाहरूलाई जनतालाई बुझाएर संगठित रूपमा आन्दोलन उठान गर्ने सम्भावना कतिको देख्नु हुन्छ ?**

यसको राम्रो सम्भावना छ । अहिले नेपालमा मजदुरको संख्या ह्वात्तै बढेको छ । मजदुर भनेको उद्योग, कलकारखानामा मात्रै काम गर्ने भन्ने हुँदैन, विदेशमा गएर श्रम गर्नेहरू पनि त मजदुर, श्रमिक नै हुन । अघि पनि भनिसकेको छु, नेपाल बाहिर गएर श्रम बेच्न बाध्य भएका १ करोड भन्दा बढी छ, ती सबै मजदुर नै हुन । ती सबै मजदुरहरूलाई संगठित गर्न सकियो भने नेपालमा जनविद्रोह हुन सक्छ । विश्व क्रान्तिलाई समेत टेवा पुग्दछ । १ करोड मानिसहरू विदेश जाँदा उसका परिवारजनहरू पिडित रहेका छन । ती मजदुरहरूलाई संगठित गर्न पार्टीको अन्तर्राष्ट्रिय विभाग मार्फत तीव्र रूपमा पहल अगाडि बढाउनु पर्दछ । यो वा त्यो रूपमा ती मजदुरहरू शोषण, उत्पीडनमा परेका छन्, उनीहरू माथि हुने, भए गरेका ठगी, शोषणको हामीले जोडदार आवाज उठाउनु पर्दछ । यसको साथै भारतीय विस्तारवादका कारण नेपाली कृषकहरू माथि भएको हेपाई, चेपाई, थिचाई, मिचाईलाई बन्द गर्न र नेपाली उत्पादनलाई निर्वाध रूपमा लागत मुल्य अनुसार बिक्री वितरणको व्यवस्था मिलाउन पनि यसलाई राष्ट्रिय स्वाधीनताको आन्दोलनसँग जोड्न जरुरी छ । नेपालमा भारतले बहुआयामिक हस्तक्षेप लडिरहेको छ, नेपालका नदिनालाहरू, जलविद्युत आयोजनाहरूमा एकाधिकार कायम गर्न खोजिरहेको छ । बारम्बार सीमा मिचिइएको छ, नेपाली भूमिमै छिरेर नेपालीहरूको हातपात, अमानवीय यातना, गिरफ्तार, हत्यासमेत गर्ने गरी आतंक खडा गरेको छ । पूर्व पश्चिम सिमामा अन्तर्राष्ट्रिय कानूनलाई उल्लंघन गर्दै पक्की सडकको निर्माण गरेको छ । सिमामा एकतर्फी रूपमा बाँधिएको बाँधको कारण वर्षेनी डुबान हुँदा वर्षेनी नै हज्जारौं संख्यामा तराईका जनता विस्थापित हुनु परेको छ, हज्जारौं विघा खेती योग्य जमिन बगर, नदीमा परिणत हुन थालेका छन् । यी सबै विषयलाई उठाएर आन्दोलनको आँधी बेहरी सृष्टि गर्न जरुरी छ ।

**तपाईको चुनावी परिणामलाई हेर्दा त जनता तपाईले भने जस्तो आन्दोलनमा सहभागी हुने त देखिन्न नि ?**

हेर्नुस्, जनता महान् छन् । अहिले बुझ्न सकेका छैनन्, बुझाउन सकिएको छैन । विस्तारै बुझ्दै जाने छन्, र आन्दोलन नै यी सबै समस्याहरूको समाधानको लागि निर्विकल्प बाटो हो भन्ने निष्कर्षमा पुग्नेछन् । र, हामीले उठाएका राष्ट्रियता र जनजीविकाका यी मुद्दाहरूमा जनता गोलबन्द हुँदै जानेछन् । र आन्दोलनको आँधीबेहरी सृष्टि हुनेछ । सहि विचार, नीति र योजना भयो भने जनता हाम्रो पक्षमा आउने छन् भन्ने कुरा परिवर्तनका निम्ति नेपालमा विभिन्न कालखण्डमा भएका आन्दोलनहरूको इतिहासलाई हेर्दा स्पष्ट हुन्छ ।

**अन्तमा, नयाँ जनवादी क्रान्ति पुरा गर्ने सपथ खाएर दश वर्षको महान जनयुद्ध लडेर आएका र अहिले विभिन्न समहुमा विभाजित अवस्थामा रहेका क्रान्तिकारी नेता, कार्यकर्ताहरूलाई जनयुद्धको एक जना सहिद परिवारको तर्फबाट के भन्न चहानु हुन्छ ?**

हिजो नेपालमा संसदीय व्यवस्थाको विरुद्ध लडेर मुलुकमा जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्यलाई केन्द्रमा राखेर महान दश वर्षे जनयुद्ध लडेर आएको एक हिस्सा जो माओवादी केन्द्रको रूपमा रहेको छ, त्यो अहिले त्यही प्रतिक्रियावादी संसदीय व्यवस्थामा पतन हुन पुगेको छ । उसले सहिद, बेपत्ता योद्धाहरूको सपना माथि ठुलो कुठाराघात गरेको छ । आमुल परिवर्तनका पक्षधर जनता र आम क्रान्तिकारी पार्टी पंक्तिमाथि धोका र गद्दारी गरेका छन् । यस पृष्ठभूमिमा फेरी पनि नेपालमा नयाँ जनवादी क्रान्तिको कोर्षलाई पुरा गर्न इमान्दारीपूर्वक क्रान्तिको तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादी पार्टीको नीति र नेतृत्वको वरिपरी गोलबन्द हुन म सहिद परिवारको तर्फबाट विभिन्न खेमामा छरिएर रहेका सच्चा क्रान्तिकारी कम्युनिष्टहरूलाई आव्हान गर्न चहान्छु । राजनैतिक क्रान्ति पुरा नभई स्थायी शान्ति र आर्थिक समृद्धि सम्भव छैन । वाम खोल ओढेका एमाले-माकेको भ्रममा नपर्न सम्पूर्ण सहिद परिवारजन, बेपत्ता योद्धा परिवारजन, घाइते योद्धाहरू लगायत परिवर्तनका पक्षधर सबैमा आव्हान गर्दछु ।



प्रचण्ड आफैले र उनका पार्टीका नेता कार्यकर्ता लगाएर मेरो उम्मेद्वारी फिर्ता गराउन सकेसम्मको घेराबन्दी गरे । यहाँसम्म कि मलाई राजदुत बनाइदिने, चाहे जति पैसा दिने, परिवारका सम्पूर्ण व्यवस्थापन गरिदिने लगायत प्रलोभन दिए । केही पार नलागे पछि उनीहरू हाम्रो पार्टीका महासचिव क.किरणसम्म उम्मेदवारी फिर्ता गराइदिनु पर्‍यो भन्दै डेलिगेसन जान समेत भ्याएछन् । तर मैले आफ्नै घर परिवार समेतलाई लगाएर गरिएको सबै घेराबन्दी तोडी अडिग र अबिचलित रूपमा चुनावी मैदानमा कथित गठबन्धनहरूका विरूद्धमा उभिरहैं ।

# वर्तमान राजनैतिक अवस्था र क्रान्तिकारीहरूको भूमिका



● धनेश्वर पोखे्रल ●

**वर्तमान राजनैतिक अवस्था**

लामो समयदेखिको नेपाली राजनीतिमा देखिएको संक्रमणकाल अन्ततः प्रतिक्रान्तिमा गएर टुंगिएको छ । मरणासन्न अवस्थामा पुगेको संसदीय व्यवस्थाले दक्षिणपन्थी संशोधनवादी शक्तिहरू मूलतः दुई खेमामा केन्द्रित हुन आइपुगेका छन् । त्यसमा घोर दक्षिणपंथी र प्रतिकृयावादी शक्तिहरूको यौटा खेमा जसमा नेका, राप्रपा, लोकतान्त्रिक फोरम लगायतको लोकतान्त्रिक गठबन्धन नामको खेमा पर्दछ र जस्को नेतृत्व नेकाले गरिराखेको छ । यो नेपाली जनताको खुन पसिना चुस्दै राणा, पंचायत, बहुदलीय काल हुँदै हालसम्म यो वा त्यो रूपमा सत्तामाम रहँदै र नेपाली जनताको दोहन गर्दै आएको छ । जस्ले सुगौली सन्धि, १९५० को असमान सन्धिलगायत कोशी, गण्डकी संभ्कौता गरेर राष्ट्रघात र जनघात गर्दै आएका छन् । साम्राज्यवाद र भारतीय विस्तारवादको दलाली र चाकडी गर्दै सत्तामा रहदै आएको छ । जस्ले कहिले कथित प्रजातन्त्रको माला जपेर त कहिले लोकतन्त्रको माला जपेर नेपाली जनतामा भ्रम छर्दै लुटको खेती गर्दै आएको छ ।

संसदीय व्यवस्थाभित्रको अर्को खेमाको शक्ति भनेको एमालेको नेतृत्वमा रहेको एमाले-माके सहितको कथित वाम नामको गठबन्धन हो । जो मार्क्सवाद-लेनिनवाद-माओवाद सिद्धान्त, विचार, राजनीति र दर्शनबाट च्यूत भएर कम्युनिस्ट कै नाममा भ्रम छर्दै प्रतिकृयावादी संसदीय आहालमा डुबुल्की मार्न पुगेका छन् । जस्ले २०२८ को भ्कापा विद्रोहदेखि २०५२-२०६२ को दशवर्षे महान् जनयुद्ध र हालसम्मका विविध आन्दोलनमा सहादत प्राप्त गर्ने हजारौं महान् शहीदहरूको रगतमा पौडी खेल्दै उनीहरूको वीरगतिपूर्ण पार्थी शरीरलाई भऱ्याङ बनाएर साम्राज्यवाद र विस्तारवाद सामू लम्पसार पर्दै सत्ता आरोहण गर्दै आइरहेका छन् । त्यति मात्र होइन उनीहरू वर्गीय र राष्ट्रिय रूपमा समेत आत्मसमर्पण गरी महाकाली नदी, टनकपुर, अरुण तेश्रो, उपल्लो कर्णाली, विप्पा, २५ बुँदे आदि सन्धि सम्भ्कौता र सहमति गरेर राष्ट्रघात र जनघात गर्दै आइराखेका छन् । जस्ले सर्वहारा वर्ग, उत्पीडित जात, वर्ग, क्षेत्र लिङ्गको विभिन्न चरणमा भएका मुक्ति आन्दोलनहरूलाई आफ्नो स्वार्थ अनुकुल संभ्कौतामा टुङ्गाएर पटक-पटक उत्पीडित वर्गमाथि अन्तर्घात गरिराखेका छन् । जस्ले सर्वहारा वर्गीय विश्व दृष्टिकोण माथि नै धावा बोल्दै सत्ताको निम्ति साम्राज्यवाद र विस्तारवादको नांगो र निकृष्ट चाकडीमा लिप्त भएका छन् । कथित वाम खोल ओडेका यी दक्षिणपन्थी संशोधनवादी तत्व भनेका अन्ततः साम्राज्यवाद र विस्तारवादका गोटी नै हुन् ।

आज एकातिर मुलुकको संसदीय राजनीति यिनै कथित लोकतन्त्रवादी र कथित वाम गठवन्धनकारीहरूको सेरोफेरोमा घुमिराखेको छ भने अर्कातिर शासन सत्ता पनि यिनीहरूकै आलोपालोमा चलिराखेको छ । यो स्थितिमा मुलुक विगतका दिनहरूमा भन्दा भ्कन पछि भ्कन संकटको भुमरीमा फस्दै गएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरू भ्कन्पछि भ्कन् जटिल बन्दै गैरहेका छन् । राष्ट्रिय स्वाधीनताको प्रस्न सत्ताधारी दलहरूको दलाली र आत्मसमर्पणवादी चरित्रले गर्दा अत्यन्त गंभिर बन्न गएको छ । त्यतिमात्र होइन सिंगो राष्ट्र गरिबी, बेरोजगारी, भ्रष्टाचार र अराजकताको केन्द्र बन्न पुगेको छ । त्यसका साथै मुलुक आर्थिक, राजनैतिक सबै दृष्टिले साम्राज्यवाद, विस्तारवाद र शक्ति केन्द्रहरूको क्रिडास्थाल बनिराखेको छ । अहिले वाम खोल ओडेका एमाले माके लगायतका दक्षिणपंथी संशोधनवादी र नेका लगायतका प्रतिकृयावादी शक्तिहरू सत्ता लिप्साको लागि साम्राज्यवाद र विस्तारवाद सामू दलालीको होडबाजी गरिराखेका छन् । देशको अर्थतन्त्र एकातिर रेमिट्र्यान्सबाट चलेको छ भने अर्कोतिर विश्व बैक, अन्तर्राष्ट्रिय मुद्राकोष, बहुराष्ट्रिय कम्पनी लगायतका संघ संस्थाद्वारा मुलुकको आर्थिक दोहन गरी मुलुकलाई परनिर्भरमुखी र कंगाल बनाउँदै लगेका छन्, जसले गर्दा मुलुकको आर्थिक अवस्था कमजोर मात्र बनेको छैन, डामाडोल भएको छ । सत्तासिन ठुला भनाउँदा यी दलहरू र तिनका शिर्षस्थ नेताहरू भ्रष्ट, अनैतिक बन्न पुगेका छन् । सामन्तः दलाल पुँजीपति पर्गको नेतृत्व गरेका यी प्रतिकृयावादी र दक्षिणपंथी संसोधनवादी तत्वहरू अहिले नयाँ कलेवरमा प्रतिक्रान्तिलाई संस्थागत गर्दै संक्रमाणकालको अन्त्य भएको घोषणा गरिरहेका छन् । बहुसंख्यक नेपाली जनताले तिरस्कार गरेको प्रतिकृयावादी र प्रतिगामी संविधान जबर्जस्त लादेर साम, दाम, दण्ड, भेद प्रयोग गरी आफ्नो पक्षमा सम्पन्न गरेको स्थानीय र संसदीय निर्वाचनले कुनै पनि हालतमा राष्ट्र र जनतालाई शान्ति र समृद्धि दिन सम्भ्कैन भन्ने कुरा घाम जस्तै छर्लङ्ग छ ।

**क्रान्तिकारीहरूको भूमिका**

एमाले, माकेहरूको अपवित्र गठबन्धनले नेपाली जनतामा ठुलो भ्रम छर्न सफल भएको छ । कम्युनिस्ट प्रतिको नेपाली जनताको मनोविज्ञानलाई वुभ्केर यसबाट नकारात्मक फाईदा लिन र उनीहरूको ढाडमा टेकेर सत्तामा जान कथित वाम गठबन्धनको नाटक रचे वामपंथीको नेतृत्वमा स्थायी सरकार गठन गरी मुलुकलाई शान्ति र समृद्धितिर लैजाने ढ्वाङ पिटीरहेका छन् । साथै नेपालमा अव कम्युनिस्ट शासन ल्याउछौं भनेर जनतालाई वेवकुफ बनाई राखेका छन् । जो वास्तविक रूपमा कम्युनिस्ट नै होइनन्, हुनै सक्तैनन् र कम्युनिस्ट नीति सिद्धान्त विचार राजनीतिबाट च्यूत भएर प्रतिकृयावादमा पतन भएका छन् । तिनीहरूले जनतामा यत्रो भ्रम छर्नु र जनता त्यसको भ्रममा पर्नु ठुलो दुर्भाग्यको कुरा हो । उनीहरूको यो अफवाहले कम्युनिस्ट जनतामा भ्रम मात्र छरेको छैन त्यसले सिंगो कम्युनिस्ट आन्दोलनलाई समेत समाप्त पार्ने षड्यन्त्रमा लागेको छ । साम्राज्यवाद र विस्तारवादको हण्डी खाएर नेपालको कम्युनिस्ट आन्दोलनलाई ध्वस्त पार्ने जिम्मा लिएका प्रचण्ड-ओली एण्ड कम्पनीलाई नेपाली जनताले अभ्कै पनि ०२८ र ०५२/०६२ को आँखाले कम्युनिस्ट कै नेताको रूपमा देख्नु र तिनीहरूबाट कम्युनिस्ट शासनको अपेक्षा राख्नु साउनमा आँखा फूटेको गोरुले सँधै हरियो देख्नु जस्तै हो । जनतामा परेको भ्रमलाई साफ नगरी नेपालको कम्युनिस्ट आन्दोलन अगाडी वढन सक्तैन । त्यसको निम्ति सच्चा क्रान्तिकारीहरू एकढिक्का भएर एमाके जस्ता दक्षिणपंथी संसोधानवादीको भण्डाफोर कार्यमा लाग्नु अनिवार्य हुन्छ । त्यतिमात्र हैन आजसम्म यिनीहरूले गरेका राष्ट्रघात, जनघातका कुकृत्यहरलाई जनतासामू लैजाने र त्यसका विरुद्ध जनतालाई संगठित र आन्दोलित गर्नु आजको अपरिहार्य आवश्यकता हो । दक्षिणपंथी संसोधनवादको भ्रमबाट जनतालाई मुक्त गरेर वर्गीय र राष्ट्रिय मुक्ति आन्दोलनमा संगठित नगर्दासम्म मुलुकमा शान्ति, समृद्धि र विकासको संभावना रहन्न । अहिले संकटको घेरामा परेको कम्युनिस्ट आन्दोलनलाई घेरामुक्त गर्ने वर्ग संघर्षलाई नयाँ उचाईमा उठाउने एकमात्र उपाय क्रान्तिकारीहरू बिचको एकता र ध्रूविकरणबाट मात्र संभव छ । अर्कोतिर क्रान्तिप्रतिको निष्ठा, त्याग, वलिदान र पार्टी र जनताप्रतिको जिम्मेवारीबोध अर्को महत्वपूर्ण कडी हो । आत्मगत अवस्थालाई सुदृढ गरी वर्ग संघर्षको माध्यमबाट दलाल, भ्रष्ट, राष्ट्रघाती र जनघातीमाथि जाई लाग्नु र संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी सत्ता स्थापना गर्नु क्रान्तिकारीहरूको अहं दायित्व हो । अवको क्रान्ति यथास्थितीवादी चिन्तन शैली र सोचाइबाट संभव छैन । प्रतिक्रान्तिले जुन उचाईमा टाउको उठाएको छ । त्यो भन्दा कैयौं गुणा माथीबाट क्रान्तिकारीहरू उठ्नु, जुट्नु र जाईलाग्नु पर्छ । यो नै अहिले अपरिहार्य आवश्यकता हो । यो वेला कुनै पनि खेमामा रहेका नेता कार्यकर्ताहरूले राष्ट्र र जनताको मुक्तिको निम्ति गंभिर भएर नसोच्ने हो भने नरहे बाँस नवजे बाँसुरी हुने छ ।

तसर्थ आउनुस सच्चा क्रान्तिकारी योद्धाहरू राष्ट्र र जनताको मुक्तिका लागि दक्षिणपंथी हावाहुरीका विरुद्ध क्रान्तिकारीहरूको बलियो मोर्चा निर्माण गरौं र मुलुकमा नयाँ जनवादी क्रान्तिको तुफान श्रृष्टि गरौं । संसदीय व्यवस्थाको चिहानमाथि नयाँ जनवादी राज्यसत्ता स्थापना गरौं । अन्तिम जित क्रान्तिकारीहरू कै हुनेछ । मालेमावादले हामीलाई दिएको शिक्षा यहि हो । हजारौं सहीद, वेपत्ता, घाइते अपांग योद्धाहरूको रगत र वलिदानमा अट्टहास गर्ने क्रान्तिका खलनायकहरूलाई उचित सजाय नदिएसम्म यिनको दादागिरी रोकिने छैन । क्रान्तिकारीहरूको सचेत पहल र प्रयत्नमा हुने जनविद्रोहको आँधीबेहरीले यी कुडा कर्कटहरूलाई अन्ततः किनारा लगाएर छाड्ने छ ।

# कथित वाम तथा लोकतान्त्रिक गठबन्धनलाई कसले कसरी बुभ्क्ने र बुभ्के



● अशोक लम्साल 'अनुकुल'

मानव समाज वर्ग विभाजित छ । सरल ढंगले बुभ्क्दा श्रम गरेर पनि पसिना बगाएर बाँच्ने र अर्काको पसिनामा बाँच्ने अर्थात पुँजीपति र सर्वहारा, मिल मालिक र मजदुर, जमिन्दार र किसान, शोषक र शोषित, उत्पीडक र उत्पीडित यो एक अर्काको विरोधी वर्ग हो । एउटा वर्गको हितमा अर्को विरोधी वर्गको अहित सुनिश्चित छ । नेपालको सत्ता जहिले जहिले जे जे परिवर्तन भनिए पनि उच्च वर्गकै हातमा छ । वर्ग विभाजित समाजलाई सञ्चालन परिचालन गर्न राज्यत्ताको उत्पत्ति भएको हो । यस अर्थमा सबै कुरा वर्ग सापेक्ष हुन्छ । सिद्धान्त र दर्शन पनि आध्यात्मवाद र भौतिकवाद वर्ग सापेक्ष नै छ । राजनैतिक पार्टी पनि वर्ग सापेक्ष हुन्छ ।

वर्गको नेतत्व तथा प्रतिनिधित्व गर्ने संगठित संस्थालाई राजनीतिक पार्टी



भनिन्छ । वर्ग दुई वटा मात्र भए पछि पार्टी पनि दुई वटा हुन्छन् । सयौं पार्टी भएको वर्तमान अवस्थामा यसो भनिरहँदा आश्चर्य पनि लाग्न सक्छ । श्रमजीवि वर्ग, गरिव, किसान, मजदुर वर्ग र सामन्त दलाल नोकरशाही पुंजीपति वर्गको अलग अलग दुई वटा पार्टी हुन्छन् । स्पष्ट शब्दमा भन्दा पुँजीवादी प्रतिक्रियावादी र सर्वहारावादी वर्ग विचमा विश्वस्तरमा सर्वहारावादीको बर्चश्व कायम हुँदै गइसकेपछि पुँजीवादी अर्थात साम्राज्यवादी, विस्तारवादीहरूले सर्वहारा वर्गलाई विभाजित गरेर कमजोर बनाउन सुधारवाद, संशोधनवाद, नवसंशोधनवाद, दक्षिणपन्थी अवसरवादका प्रादुर्भाव गरे । यसरी पुँजीवादी, दक्षिणपन्थी संशोधनवादी र सर्वहारावादी तीन धार विश्वस्तरमै प्रभावी बन्दै गैरहेका छन् । नेपाल पनि किन अछुतो रहन सक्थ्यो र अहिले वर्तमानमा यहि कुरा स्पष्ट रूपमा बाहिर आएको छ ।

'नेपाली काँग्रेस'को दलाल नोकरशाही पुँजीपति वर्गको प्रतिनिधि पार्टी हो । यसैको नेतृत्वमा कथित लोकतान्त्रिक गठबन्धन जहाँ दलाल पुँजीपति बचेका सामन्त, सबै सबै गठजोड कसिँदै जाने देखिन्छ । अर्कोतिर 'एमाले'को सुधारवादी, दक्षिणपन्थि अवसरवादी, संशोधन-नवसंशोधनवादीको प्रतिनिधि पार्टी हो । यसैको नेतृत्वमा नेपालका सबै दक्षिणपन्थी, अवसरवादी, सुधारवादी, संशोधनवादी र नवसंशोधनवादीहरूको कथित वामगठबन्धनको नाममा बलियो गठजोड पनि कसिँदै जाने देखिन्छ । यी दुबै कित्ता स्पष्ट देखिसकेका छन् । यहाँ को-को कता कता जोडिने हुन भविष्यले अभ्क स्पष्ट गर्दै जाने छ । विश्व साम्राज्यवाद, भारतीय विस्तारवाद, युरोपियन युनियन अरु पश्चिमाहरूले नेपालमा आ-आफ्ना दलालहरूलाई बलियो कित्ता निर्माण गर्ने खेल अन्तर्गत नै यो लगन गाँठो कसिँदै गएको कुरा स्पष्ट बुझ्दा अन्यथा हुने छैन ।

अर्को तर्फ गरीव, किसान, मजदुर, सुकुम्बासी, सर्वहारा वर्ग जाति-जनजाति, उत्पीडित दलित जनजाति, मधेशी मुस्लिम, अल्पसंख्यक जाति, विभिन्न पेशाकर्मी, तह र तप्काका स्वाभिमानी राष्ट्रिय पुँजीवादी शक्ति सबै-सबैको ठुलो हिस्सा यी दुबै लोकतान्त्रिक होस चाहे वाम गठबन्धनमा अटाउन सक्दैनन् । यी सबै आमूल परिवर्तनका पक्षधर क्रान्तिकारी शक्तिको अर्को कित्ता स्पष्ट र अलग्गै छ । यी दुबै कथित गठबन्धनको भ्रम त अहिले तत्कालका लागि ब्याप्त नै छ । तर विस्तारै महँगी आकाशिँदै जाने, दलालीकरण, भ्रष्टाचार, घुसखोरी, कमिसनतन्त्र, चोरी, निकासी, अनुशासनहिनता, गुण्डागर्दी, कालाबजारी, दमन, थिचोमिचो, बढ्दै गएर मुलकु अस्तब्यस्त बन्दै जाने र आम नेपालीको जनजीवन कष्टकर बन्दै गएर सबै नेपाली आक्रान्त र आक्रोशित अवस्थामा यी सम्पूर्ण शक्तिको ऐक्यबद्धता अनिवार्य बन्दै जाने छ । र अर्को विकल्प क्रान्तिकारी ध्रुबीकरण अवश्यंभावी बन्ने कुरा अनिवार्य छ, यसको नेतृत्व कसले गर्ने यो पनि भविष्यले स्पष्ट गर्ने छ ।

यसरी एकातिर कथित लोकतान्त्रिक र वामगठबन्धन प्रारम्भ भई आकार ग्रहण गरिसकेको छ भने अर्कोतिर क्रान्तिकारी ध्रुवीकरण भएर अर्को बलियो कित्ता खडा हुन अनिवार्य छ । लाग्छ, यसको पहल पनि हुँदै गइरहेको छ । क्रान्तिकारी आमूल परिवर्तनकारी शक्तिलाई एकताबद्ध भएर शक्तिशाली बन्न नदिनका लागि आन्तरिक र बाह्य शक्ति केन्द्रहरूले पहल र प्रयत्न गरि नै रहने छन् तर आ-आफै सचेत प्रयत्नबाट भ्किना मसिना कुरालाई पन्छाउँदै दलगत ब्यक्तिगत स्वार्थबाट माथि उठेर सबै भ्रमलाई चिर्दै एकताबद्ध भएर नेपाल र नेपालीको उज्ज्वल भविष्य निर्माणमा जुट्न अनिवार्य बनिसकेको छ । यसमा कसैले कन्जुसाँईलाई गर्नु हुन्न । छन्, होलान आ-आफ्ना बुभ्काई त्यसलाई आपसि छलफलद्वारा ह ल गर्दै छिटो भन्दा छिटो कथित लोकतान्त्रिक र वामगठबन्धनको नियतिलाई प्रष्ट्याएर चिरफार गर्दै आमूल परिवर्तनकारी क्रान्तिकारी शक्ति एकताबद्ध हुँदै ध्रुबीकरणको दिशामा अगाडि बढ्न अनिवार्य भइसकेको छ । यदि यसरी जान सकिएन भने नेपाल र नेपालीको अस्तित्व, स्वाभिमान मेटिँदै जाने, मुलुक औपनिवेशिक-नवऔपनिवेशिक अवस्थामा गुज्रने, दासताको जंजिर कसिँदै जाने भुटानीकरणबाट सिक्किमीकरणसम्मको स्थिति नेपाल र नेपालीले ब्यहोर्नु पर्ने संकेत उजागर हुँदै गएको स्पष्ट नै छ ।

जसरी कथित लोकतान्त्रिक र वाम गठबन्धन एकढंगले सतहमा आयो । त्यसरी नै क्रान्तिकारी ध्रुबीकरण पनि छिटै भएर जनताको शक्ति निर्माण भएर राष्ट्रले निकास पाउने कुरामा आशावादी मात्र होइन ढुक्क हुन पाउने अवस्था छिट्टै आउने छ ।

## दुई करोड ६० लाख रोपनी जमिन बाँभ्कियो

# भारतबाट भित्रन्छ प्रतिमहिना दुई अर्बको चामल

काठमाडौं । कृषिप्रधान मुलुक भनेर चिनिने नेपालममा जमिन बाँभ्किने क्रम बढेर गएको छ । यससँगै कृषि उपभोग्य वस्तुममा नेपालको परनिर्भरता पनि ह्वात्तै बढेको छ । पछिल्लो तथ्यांक अनुसार नेपालमा दुई करोड ६० लाख रोपनी जमिन बाँभ्को रहेको पाइएको छ । यो तथ्यांकले नेपाल सरकारको सामूहिक, करार र सहकारी खेतीको अवधारणा अन्ततः कागजमा सीमिति भएको देखिन्छ । सामूहिक, करार र सहकारी खेतीसम्बन्धी ऐन नभएका कारण घोषित अवधारणा लिखितमा मात्रै सीमित हुन गएको हो । भूमिहीन किसानलाई जमिन उपभोग गर्न दिएर आगामी तीन वर्षभित्र मुलुकलाई कृषिमा आत्मानिर्भर बनाइने योजना पनि कागजमा सीमित हुन गएको छ ।

सरकारले कृषिमा आत्मनिर्भर हुन, वैदेशिक रोजगारमा गएका युवालाई यसप्रति आकर्षण गर्न, न्यून ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने घोषणाका साथै करार खेतीको अवधारणअनुसार कृषि क्षेत्रको विकास गर्न आर्थिक वर्ष ०७३ र ७४ को वार्षिक बजेटमार्फत् घोषणा गरेको थियो ।

भारत, चीन, भियतनाम, बङ्गलादेश लगातयका मुलुकमा करार खेती सफल मानिएको छ । सोही विषयलाई अनुसरण गर्दै नेपालमा पनि करार खेती ऐन ल्याउने विषयमा पटक पटक छलफल भएको थियो । घोषणा गरिएको विषय कार्यान्वयन नहुनु, करार ऐन पारित नहुनु, खेती गर्नसक्ने युवा वैदेशिक रोजगारीमा जानु, जमिनमा सिँचाइ सुविधा नहुनु आदि कारणले खेतीयोग्य जमिन बाँभ्किने क्रम बढेको कृषिविज्ञहरू बताउछन् ।

सरकारी, सहकारी र निजी तहबाट कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्ने भन्ने योजना पनि ऐन नभएकै कारण अलपत्रमा परेको विज्ञहरूको भनाइ छ । सरकारले जमिनको खण्डीकरण, घडेरीकरणको रोकावट र जमिन बाँभ्को राख्नेलाई जरिवानासमेत तोक्ने निर्णय गरेको थियो । सरकारको सो निर्णय आर्थिक वर्ष ०७४ र ७५ को बजेटमार्फत भएको हो । जमिन बाँभ्को भएकै कारण आयात बढ्ने देखिन्छ ।

हाल भारतबाट प्रतिमहिना दुई अर्बको चामल आयात भइरहेको वाणिज्य मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । कृषि मज्दुर, भूमिहिन र सीमान्तकृत, मभ्कौला र कृषि क्षेत्रमा संलग्न किसान, उद्यमी तथा व्यवसायीलाई सामूहिक तथा करार खेती गर्न दिने र उत्पादित वस्तुको बजारको सुनिश्चिततामार्फत कृषिको परनिर्भरता हटाइने योजना अन्ततः व्यवहारमा लागू नभएकाले कृषि उपजको आयात बढेको हो ।

यसो हुँदा पनि कृषि विकास मन्त्रालयले भने आगामी तीन वर्षमा धान, मकै, तरकारी र माछामा नेपाल आत्मनिर्भर भई निर्यात गर्न सक्ने दाबी गर्न भने छाडेको छैन । कृषि प्रधान मुलुकमा दुई करोड ६० लाख रोपनी जमिन बाँभ्को हुन र कृषिको परनिर्भरता बढदै जानु राज्यको कृषि नीतिमामा रहेको उदासिनता जिम्मेवार रहेको विज्ञहरू बताउँछन् ।

अहिले कूल खेती गर्न योग्य जमिनको ३३ दशमलव ३२ प्रतिशत जमिन बाभ्किएको छ । खेतीको अलवा ५८ लाख २६ हजार ४४० हेक्टर क्षेत्रफल वनजंगल र एक हजार ५६० भ्काडी, चरीचरनको क्षेत्र १७ लाख ६६ हजार, पानीले ओगटेको क्षेत्रफल तीन लाख ८३ हजार र अन्य सिमसारलगायत २६ लाख २० हजार गरी कूल एक लाख ४७ हजार १८१ वर्ग किमी जमिन छ ।

छैटौं कृषि गणना २०६८ मा एक लाख १६ हजार व्यक्तिले आफ्नै जमिन नभएका कारण कृषि पेशा गर्न नपाएको उल्लेख छ । एक लाख १६ हजारले आफ्नै जमिन नभएका कारण कृषि पेशा गर्न पाएका छैनन् । गणनामा ७१ प्रतिशत जनता पूर्णकालीन कृषक रहेकामा ८३ प्रतिशत जनता कृषि पेशामा आत्मनिर्भर रहेको जनाएको छ । ४२ प्रतिशत कृषकले कृषि कर्म गर्न ऋण उपलब्ध नभएको बताएका छन् ।

## जेरुसेलम...

राष्ट्रपति ट्रम्पले यसलाई प्रतिष्ठाको विषय बनाउँदै जेरुसेलमबारे अमेरिकाले गरेको निर्णयविरुद्ध मतदान गर्ने राष्ट्रहरूको आर्थिक सहायता कटौती गरिने कडा भाषामा चेतावनी दिएका थिए ।तर अमेरिकाको पक्षमा, अर्थात् प्रस्तावको विरुद्धमा ९ वटा मात्र भोट पर्यो । अमेरिकाको पक्षमा अमेरिकासहित इजरायल, ग्वाटेमाला, होन्डुरस, द मार्सल आइल्याण्ड, माइक्रोनेसिया, नाउरु, पालाउ र टोगोले मतदान गरे ।

अमेरिकासँग नजिक मानिएको भारतसहित चीन, फ्रान्स रसिया र बेलायतलगायतले राष्ट्र संघमा अमेरिकी निर्णयको विरुद्धमा भोट गरे । क्यानाडा र मेक्सिकोलगायत ३५ देशले मतदान गरेनन् भने २१ देश अनुपस्थित रहे ।

**किन गऱ्यो नेपालले प्रस्तावको पक्षमा मतदान ?**

ट्रम्पले कडा चेतावनी दिइरहँदा नेपालले यस प्रस्तावमा के गर्ला भन्ने सबैतिर चासोको विषय बनेको थियो । परराष्ट्रसचिव शंकर वैरागीले नेपालले असंलग्न परराष्ट्र नीति अन्तरगत प्रस्तावको समर्थनमा मतदान गरेको बताए । 'संयुक्त राष्ट्र संघमा गैर बाध्यकारी प्रस्तावको समर्थनमा मतदान गरेका हौं । हामी असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने राष्ट्रहरूमध्ये पर्छौं,' वैरागीले भने ।

तर, परराष्ट्रमन्त्रालयका प्रवक्ता भरतराज पौडेलले रातोपाटीसँग कुरा गर्दै प्रस्तावको पक्षमा भोट गर्ने विषय कुनै नौलो कुरा नभएको बताए । नेपालले पछिल्लो ५० वर्षमा यसमा समर्थन जनाउँदै आएको पनि जानकारी दिए । उनले नेपालले अमेरिकाको विपक्षमा मतदान गरेको भनेर भन्न नमिल्ने बताए । उनका अनुसार अमेरिकाको विपक्षमा भन्दा पनि नेपालले प्रस्तावको पक्षमा भोट गरेको हो ।

# माओवादका सार्वभौम सिद्धान्तहरूका सम्बन्धमा



● हस्त बहादुर के.सी ●

**'बैरीको सैन्य शक्तिलाई एक एक गरी ध्वस्त पार्न श्रेष्ठ सैन्य शक्ति केन्द्रित गर, क्रान्तिकारी युद्ध जनसमुदायको युद्ध हो, जनतालाई संगठित गरेर उनिहरूमाथि भर परेर मात्र यसलाई चलाउन सकिन्छ । साँच्चिकै फलामे किल्ला के हो ? त्यो जनसमुदाय हो, ती लाखौं जनता हुन्, जो वफादारीपूर्वक र इमान्दारीपूर्वक क्रान्तिको समर्थन गर्दछन् । यो त्यही वास्तविक किल्ला हो, जसलाई कुनै पनि शक्तिले भत्काउन असम्भव छ, विल्कुलै असम्भव छ । प्रतिक्रान्तिले हामीलाई नष्ट पार्न सक्तैन, बरु हामीले नै त्यसलाई, सखाप पारिदिने छौं । क्रान्तिकारी सरकारको वरिपरि लाखौं लाख जनतालाई एकत्र गर्दै हाम्रो क्रान्तिकारी युद्धलाई फिजाउँदै हामीहरू सबै प्रतिक्रान्तिलाई सखाप पारिदिने छौं र पूरा चीनमाथि कब्जा जमाउने छौं ।'**

*-माओत्सेतुङ*

डिसेम्बर २६ तारिख, यस दिन विश्व क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको निम्ति एक ऐतिहासिक दिन हो । किन कि यसै दिन अर्थात् सन् १८९३ डिसेम्बर २६ तारिखका दिन विश्व सर्वहारावर्गका महान नेता तथा चिनियाँ कम्युनिष्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओत्सेतुङको जन्म भएको थियो । चीन लगायत विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरूले कमरेड माओको १२४ औं जन्मजयन्ती बढो धुमधामका साथ मनाउन गइरहेका छन् र क. माओका योगदानहरूको रक्षा गर्ने प्रण गर्दै तथा माओद्वारा प्रतिपादित माओवादलाई संसार बदल्ने वैचारिक हतियारको रूपमा आत्मसात गर्ने कटिबद्धता जाहेर गरिरहेका छन् । नेपालका क्रान्तिकारी कम्युनिष्टहरूले पनि क.माओको १२४ औं जन्मजयन्ती बढो धुमधामका साथ बनाउने तयारी गरिरहेका छन् ।

अतः कमरेड माओत्सेतुङको जन्म सन् १८९३ डिसेम्बर २६ तारिखको दिन चीनको हुनान प्रान्तको स्याङतान जिल्लाको पहाडी गाऊँ साओ साङचुङमा एक मध्यम वर्गीय किसान परिवारमा भएको थियो ।

कमरेड माओ विश्व सर्वहारावर्गका नेता तथा चिनियाँ कम्युनिष्ट पार्टीको अध्यक्ष एवं सामन्ती तथा अर्ध औपनिवेशिक मुलुकमा गरिने नयाँ जनवादी क्रान्ति अर्थात् नयाँ खाले पुँजीवादी जनवादी क्रान्तिका सिद्धान्तकार, रणनीतिज्ञ, योजनाकार एवं प्रयोगकर्ता समेत हुनुहुन्छ ।

दीर्घकालिन जनयुद्ध, छापामार युद्ध (गोरिल्ला वार), ग्रामीण इलाकाहरूमा आधार इलाकाहरूको निर्माण, गाऊँ देखि शहर घेरेर केन्द्रीय राज्यसत्ता कब्जा गर्ने रणनीतिक योजनाकार र प्रयोगकर्ताको रूपमा क.माओलाई लिइन्छ ।

कमरेड माओले चिनियाँ समाज भित्र चलेको भीषण दुईलाइन संघर्ष र विचारधारात्मक अर्न्तसंघर्षको सफल नेतृत्व मात्रै गर्नु भएन, ती समस्या र फरक विचारहरूलाई विधिवत र पद्धतिपूर्ण तरिकाले हल गर्दै नयाँ ढंगको क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण गरेर त्यसको नेतृत्व समेत गर्नु भयो । कमरेड माओको नेतृत्वमा सन् १९४९ अक्टुबर १ का दिन महान चिनियाँ नयाँ जनवादी क्रान्ति सम्पन्न भएको घोषणा पनि स्वयम् क.माओद्वारा नै गरियो । र त्यस पछि चीन एउटा नयाँ युगमा प्रवेश गर्‍यो ।

उन्नाइसौ शताब्दिको पूर्वाद्धमा अर्थात सन् १८४८ को फ्रेवरीमा दुनियाँलाई बुझ्ने र त्यसलाई बदल्ने दर्शनका रूपमा मार्क्सवादको जन्म भए पछि यसले संसारभरी एउटा नयाँ तरंग पैदा गर्‍यो । औद्योगिक मजदुरहरूमात्र होइन, उत्पीडनमा पर्दै आएको मानव जातिको ठूलो हिस्सामा समेत यसले अभूतपूर्ण जागरण ल्यायो ।

महान मार्क्सले आफ्ना घनिष्ट सहयोद्धा फ्रेडरिक एंगेल्सको सहयोगमा यही जागरणलाई समेट्दै सर्वहारा क्रान्तिको विज्ञानलाई व्यवहारिक रूपमा प्रयोग गर्न खोज्नु भयो । यद्यपी मार्क्स एंगेल्स स्वयं प्रत्यक्ष रूपमा संलग्न नभएको भए पनि मार्क्सवादकै गर्भबाट जन्मेको पहिलो सर्वहारा सत्ता पेरिस कम्युन अढाई महिना नपुग्दै असफलतामा टुंगियो ।

पेरिस कम्युनको असफलताको कारण खोजी गर्ने क्रममा महान मार्क्सले सर्वहारावर्गको अधिनायकत्वको अनिवार्य आवश्यकतालाई औंल्याउदै मार्क्सवादको थप विकास र संरक्षण गर्ने क्रममा महत्वपूर्ण योगदान थप्नु भयो ।

मार्क्सवादको जन्मसँगै जन्मेको संशोधनवादले पेरिस कम्युनको असफलता पछि भर्ने ठाउँको उठान थाल्यो । विशेष गरी मार्क्स र एंगेल्सको निधन पश्चात बर्नस्टिन र काउत्स्की जस्ता संशोधनवादी गद्दारहरूले मार्क्सवादको अपव्याख्या गर्दै यसको सारतत्वमाथि आक्रमण शुरु गरेर सर्वहारा क्रान्तिको दर्शन मार्क्सवादको आत्मालाई मार्ने प्रयत्न गरे । यस प्रकारको उनीहरूको षडयन्त्र र कुकर्म लामो समयसम्म चल्न सक्ने । मार्क्स र एंगेल्सको मृत्यु भएको केही वर्ष पछाडि अर्थात २० औं शताब्दिको पहिलो दशकमा नै लेनिनले भीषण वैचारिक संघर्ष मार्फत सर्वहारावर्गको क्रान्तिकारी झण्डालाई दह्रोसँग पकड्नु भयो । लेनिनले संशोधनवाद मात्र होइन तमामखाले मार्क्सवाद विरोधि शक्तिहरूमाथि विचारको धारिलो तरवार प्रहार गर्दै मार्क्सवादको रक्षा र विकास गर्नु भयो ।

साम्राज्यवादलाई पुँजीवादको मरणासन्न अवस्थाको चित्रण गर्दै लेनिनले साम्राज्यवादको नयाँ परिभाषा समेत गर्नु भयो । र लेनिनले भन्नु भयो "आजको युग साम्राज्यवाद र विश्व सर्वहारावर्ग बीचको भीषण वर्ग संघर्षको युग हो ।"

दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीनवटै क्षेत्रमा मौलिक विकास गरेर लेनिनले मार्क्सवादलाई मार्क्सवाद लेनिनवादको दोस्रो र नयाँ चरणमा पुर्‍याउनु भयो ।

लेनिनको देहान्त पछि उहाँका सुयोग्य उत्तराधिकारी स्टालिनले मार्क्सवाद-लेनिनवादको रक्षा गर्नु भयो । तर स्टालिनको निधन भए पछि पुनः सर्वहारा शिविरमाथि संशोधनवादी प्रहार हुन थाल्यो । महान अक्टुबर क्रान्तिद्वारा आर्जन गरिएको सर्वहारासत्ता प्रतिक्रान्तिको साधन बन्न पुग्यो । ख्रुश्चेवी आधुनिक संशोधनवादले गोमन सर्पले फोहोरा दिदै सोभियत सत्तामाथि भीषण आक्रमण गरेर प्रतिक्रान्तिको विजारोपन मात्रै गरेन पुँजीवादको पुनःस्थापना समेत गरायो । यसले विश्व सर्वहारा वर्ग र सोभियत सर्वहारा अधिनायकत्वमाथि भीषण हमला छेड्यो । यसको असर विश्वभरका सर्वहारा वर्गमाथि पर्न पुग्यो ।

स्टालिनको मृत्यु पश्चात सर्वहाराक्रान्तिको नेतृत्व गर्ने अभिभारा कमरेड माओत्सेतुङको काँधमा आयो । क.माओले चीनको विशिष्ट परिस्थितिमा मार्क्सवाद-लेनिनवादको मौलिक प्रयोग गर्दै क्रान्ति र समाजवादको नयाँ मोडेल निर्माण गरी सर्वहारा क्रान्तिको विज्ञान मार्क्सवाद-लेनिनवादलाई तेस्रो र नयाँ चरणमा विकास गरेर मार्क्सवाद-लेनिनवादलाई माओवादको उच्चतम उचाइमा उठाउनु भयो ।

"मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो । सामन्ती-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरूका क्रान्तिका समस्याहरूको समाधान गर्नु पर्ने, सन् १९५३ मा स्तालिनको मृत्युपश्चात् रुस एवम् पूर्वी युरोपका कैयौं देशहरूमा पुँजीवादको पुनःस्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनुपर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नुपर्ने र आधुनिक संशोधनवादका विरुद्धको लडाईं लड्नुपर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवाद-माओवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुर्‍याउने काम भएको हो । माओवादको सार भनेको सर्वहारा साँस्कृतिक क्रान्ति र निरन्तर क्रान्तिको सिद्धान्त हो ।

यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिङ्गो अभेद्य इकाइको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिवादका रूपमा ग्रहण नगरीकन कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्दैनन् ।"

दर्शनको क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादको सारतत्वको रूपमा एवं प्रकृति, समाज र मानवीय ज्ञानका सबैक्षेत्रमा द्वन्द्ववादका आधारभूत नियमका रूपमा अर्न्तविरोधको नियमको उद्घाटन माओद्वारा भएको हो । अन्तर्विरोधको नियमको सार्वभौमिकता र प्रधान अन्तर्विरोधको निर्क्योलको पद्धति र महत्वको विश्लेषणले द्वन्द्ववादको समझदारीको विकासलाई क्रान्तिका रणनीति र कार्यनीति निर्धारणमा अन्तर्विरोधको आधारभूत नियमले खेल्ने महत्वपूर्ण भूमिका स्वतः स्पष्ट छ ।

द्वन्द्वात्मक भौतिकवादका तीन नियमलाई उहाँले एउटै नियम अन्तरविरोधमा सूत्रीकरण गर्नुभयो । अथवा यसो भन्न सकिन्छ- मात्राबाट गुणमा रूपान्तरण र निषेधको निषेधलाई दुई विपरीतहरूको सङ्घर्ष र एकतामा सूत्रीकरण गरी त्यसलाई अन्तरविरोधको नियम बताउनुभयो । मात्राबाट गुणमा रूपान्तरण अन्तरविरोधको प्रकृयाबाट हुन्छ । निषेधको निषेधत हुँदै हुँदैन, बरु पुरानोको नकार र त्यसको ठाउँमा नयाँको सकार हुन्छ भनी उहाँले ठोकुवा गर्नुभएको छ । पुरानोको नकार र नयाँको सकार पनि अन्तरविरोधकै प्रकृयामा हुन्छ । पुरानो र नयाँ स्वयं विपरित हुन् ।

ज्ञान सिद्धान्तको क्षेत्रमा क. माओले वर्गसंघर्ष, उत्पादनका निम्ति संघर्ष एवं वैज्ञानिक प्रयोगलाई ज्ञानको श्रोत बनाएर इन्द्रीय ग्राह्य ज्ञानबाट बुद्धिसंगत ज्ञानमा पुग्ने प्रक्रियाका सम्बन्धमा तथा सिद्धान्त र व्यवहारको आपसी सम्बन्धका बारेमा क.माओले गर्नु भएको विश्लेषणले मार्क्सवादी दर्शनमा महत्वपूर्ण योगदान पुगेको छ ।

संशोधनवादका विरुद्ध संघर्षका क्रममा द्वन्द्ववादको प्रधान पक्षका रूपमा एक दुईमा विभाजित हुन्छ भन्ने सम्बन्धमा क.माओद्वारा गरिएको विषद व्याख्या र प्रयोगले संशोधनवादसँग लड्नका लागि क्रान्तिकारीहरूको हातमा एउटा धारिलो हतियार प्राप्त भएको छ ।

दर्शनलाई पुस्तकालय, दार्शनिकहरूको अध्ययन र कोठे चिन्तनबाट निकालेर आमजनतासम्म पुर्‍याई एउटा अजय शक्तिका रूपमा प्रयोग गर्नुपर्ने आवश्यकताका बारेमा माओले गर्नुभएको अनुसन्धानले द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई उन्नत रूपले भौतिक शक्तिमा परिणत गर्ने आधार बनेको छ । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा नोकरशाही पुँजीवादको चरित्रको विश्लेषण क.माओको एउटा महत्वपूर्ण खोजी हो । नोकरशाही पुँजीवादलाई ध्वंश गरी उनिहरूको सम्पत्ति कब्जा गरेर मात्र उत्पीडित राष्ट्रहरूबाट साम्राज्यवादलाई लखेट्न तथा समाजवादका लागि जग हाल्न सम्भव हुन्छ भन्ने निष्कर्षको महत्व स्पष्ट । समाजवादीकालको अर्थनीतिका आधारभूत सिद्धान्तको जग मजबुद बसाउने काममा क.माओले महत्वपूर्ण भूमिका रहेको छ ।

वैज्ञानिक समाजवादको क्षेत्रमा उत्पीडित राष्ट्रहरूमा नयाँ जनवादी क्रान्तिको समग्र अवधारणाको विकासमा क.माओको ऐतिहासिक योगदान रहेको छ । साम्राज्यवादी युगको वर्गसङ्घर्षको अनुभवका आधारमा मार्क्सवादी सैन्य विज्ञानको उच्चशिखर जनयुद्धको सिद्धान्त ९त्जभयचथ या एभयउभिक ध्वच० को विकासले अन्तरराष्ट्रिय सर्वहारावर्गलाई एउटा शक्तिशाली हतियारले लैस गर्ने काम गरेको छ । यस सिद्धान्त अनुसार शक्तिशाली दुश्मनलाई परास्त गर्न वैज्ञानिक विधि स्पष्ट भएको छ । 'राजनैतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ ।' भन्ने माओको केन्द्रीकृत भनाइको महत्व पनि स्वयम् स्पष्ट छ ।समाजवादीकालभरि वर्गसङ्घर्ष जारी रहने क.माओद्वारा विकास गरिएको सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत जारी राख्ने सिद्धान्त समाजवादी अवस्थामा पुँजीवादको पुनर्स्थापना रोक्ने एउटा मजबुत सैद्धान्तिक हतियार भएको छ ।

साम्राज्यवाद र सबैखाले प्रतिक्रियावादी वर्ग कागजी बाघ हुन । तथा आउँदा ५० देखि १०० वर्ष विश्व अजङ्गको हेरफेरबाट गुज्रनेछ, भन्ने भनाइहरूको असाधारण महत्व रहेको छ । यसले विश्व सर्वहारावर्गलाई क्रान्तिको रणनीति निर्धारणमा महान् योगदान पुर्‍याएको छ । रुसी संसोधनाद र अमेरिकी साम्राज्यवादका विरुद्धको सङ्घर्षमा क.माओ आफैंले तिनीहरूको प्रयोग गर्नुभएको छ ।

यसरी दर्शन, राजनीतिक अर्थशास्त्र एवम् वैज्ञानिक समाजवादका तीनवटै क.माओले मार्क्सवादी विज्ञानलाई गुणात्मक रूपले त्यसको नयाँ चरणमा विकास गराउनु भएको छ । त्यस अवस्थामा सर्वहारावर्गले आफ्नो मुक्तिको दर्शनलाई मार्क्सवाद-लेनिनवाद-माओवादको एउटा हतियारको रूपमा प्राप्त गरेको छ । माओले सर्वहारावर्गको मुक्तिको लागि जनताको सेना निर्माण गर्ने अनिवार्य भएको बताउँदै दीर्घकालिन जनयुद्धको सिद्धान्त प्रतिपादन गर्नु भयो । उहाँले चीनमा समाजवाद निर्माणको नयाँ बाटो खोजी गर्नु भयो र महान सर्वहारा साँस्कृतिक क्रान्तिमार्फत निरन्तर क्रान्तिको सिद्धान्त आविष्कार गरी विश्व सर्वहारा क्रान्तिलाई संशोधनवाद विरुद्ध लड्न वैचारिक हतियार प्रदान गर्नु भयो ।

अतः घटनाक्रमहरूले शान्दार ढंगले के पुष्टि गर्दै आएको छ भनै वर्तमान विश्वमा साम्राज्यवादले खडा गरेको चुनौतीहरूको सामना गर्न सक्ने सामर्थ्य माओवादले मात्र राख्दछ । त्यसैले माओवाद संसारभरिका दुश्मनहरूका लागि एउटा आतंकको विषय बनेको छ ।

क्रान्ति व्यवहारबाट पनि यो स्पष्ट भएको छ कि संसार बदल्ने वैचारिक हतियार माओवाद हो र यसले मात्र दुनियालाई बदल्न सक्छ । त्यसैले संसारभरका सबै रूपरंगका संशोधनवादीहरू नयाँ नयाँ पदावली प्रयोग गर्दै माओवादको सारतत्वमाथि भीषण आक्रमण गरिरहेका छन् ।

यो निश्चित कुरा हो कि सर्वहारा क्रान्तिको विज्ञान एउटा गतिशील विज्ञान हो । यो पुरोहितहरूको एउटा धार्मिक ग्रन्थ होइन । तर सधैंभरि संशोधनवादको सुरुवात 'बदलिदो परिस्थिति र सिर्जनात्मक प्रयोग' कै नामबाट हुने गरेको तथ्यलाई क्रान्तिकारीहरूले कहिल्यै पनि विर्सन हुदैन ।

संक्रमणकालमा क्रान्तिको रक्षा गर्नु नै विचारको रक्षा भनेको माओवादको रक्षा हुन जान्छ । यदि हामीले विचार अर्थात माओवादको रक्षा र विकास गर्न सक्यौ भने बीसौं शताब्दिका महान उथलपुथललाई दोहोर्‍याउन सक्ने छौं र संसार पुनः एकपटक सर्वहारा क्रान्तिको सुन्दर गर्जनले गुञ्जायमान हुनेछ ।

एकाइसौं शताब्दीको सर्वहाराक्रान्तको विज्ञान माओवादको रक्षा र विकास गर्न सक्यौं भने "आगामी ५० देखि १०० वर्षहरू महान उथलपुथलका वर्षहरू हुनेछन्" भन्ने माओको भविष्यवाणी सही सावित हुनेछ । यस महान् उथलपुथलद्वारा फेरी संसार हराभरा हुनेछ र साम्राज्यवादी चिहानमा संसारभरका शोषित, उत्पीडित जनसमुदायले एकैसाथ मुक्तिको गीत गुनगुनाउन पाउने छन् ।

नेपाल आजसम्म पनि अर्धसामन्ती नवऔपनिवेशिक अवस्थामा छ । वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्नका लागि पहिलो चरणमा सम्पन्न गरिने महान नेपाली नयाँ जनवादी क्रान्ति बाँकी नै छ । आज नेपाली नयाँ जनवादी क्रान्ति बाँकी नै छ । आज नेपाली नयाँ जनवादी क्रान्तिका सामु दक्षिणपन्थी नवसंशोधनवाद प्रमुख खतराको रूपमा खडा हुन पुगेको छ । यसले नाना प्रकार र रूपरङ्गका भ्रमहरू सिर्जना गरिरहेको छ । यसलाई परास्त नगरी महान नेपाली नयाँ जनवादी क्रान्ति असम्भव छ । दक्षिणपन्थी नवसंशोधनवादद्वारा नेपाली नयाँ जनवादी क्रान्तिमाथि भीषण हमला भइरहेको वर्तमान परिस्थितिमा नेपालका क्रान्तिकारी कम्युनिष्टहरूले माओवादको वैचारिक हतियारलाई दह्रोसँग पकडेर आत्मसात गर्ने मात्र होइन, मलाई व्यवहारमा क्रियान्वयन गर्नु नै क्रान्तिकारी कम्युनिष्टहरूको अनिवार्य कर्तव्य बन्न पुगेको छ ।

## सन्दर्भः १२४औं माओ जयन्ती



# २ नं. प्रदेशमा ४८ प्रतिशत गरिबी

काठमाडौं । भौगलिक रूपमा सुगम प्रदेश मानिने २ नम्बर प्रदेशमा गरिबीको दर उच्च देखिएको छ। राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको तथ्याङ्कमा यो प्रदेशमा जनसंख्याको झन्डै आधा अर्थात् ४८ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् ।

धेरै जनसख्या रहेको प्रदेश २ मा उच्च गरिबी दर भएका कारण पुरै नेपालको गरिबी दर बढ्न पुगेको छ । यो प्रदेशमा नेपालको कुल जनसंख्याको १८.४ प्रतिशत मानिसको बसोबास छ । प्रदेश २ दोस्रो धेरै जनसख्या रहेको प्रदेश हो भने प्रदेश ६ पछि धेरै गरिब रहेको प्रदेश पनि हो ।

यो प्रदेशमा सडक सञ्जालदेखि राजमार्गले सबै जिल्ला जोडिएको छ । अन्न उत्पादनको भण्डारको रूपमा नेपालको तराईका ८ जिल्ला त्यहाँ नै छ। यो प्रदेशमा सप्तरी,सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौटहट, बारा र पर्सा जिल्ला पर्दछन् ।

**किन प्रदेश २ गरिब छ ?**

औद्योगिक नगरी वीरगन्जदेखि ऐतिहासिक जनकपुर सहर पनि प्रदेश २ मा नै पर्छन् । पुरै प्रदेश भारतसँग जोडिएकोले यहाँ आपुर्ति व्यवस्था पनि सहज छ । तर किन प्रदेश २ गरिब छ त ? प्रदेश २ मा कुपोषणको दर उच्च छ । १४.१ प्रतिशत बालबालिका मात्रै विद्यालयमा नियमित रूपमा जान्छन् ।

बाल मृत्युदर पनि उच्च छ । खानेपानी, विद्युत् र इन्धनको अझै अभाव छ। यहाँ असमानता र अन्धविश्वास उच्च छ । यही प्रदेशका धेरै महिला कथित बोक्सीप्रथाबाट प्रताडिन छन् भने दाइजोको उत्पीडन पनि उस्तै छ। प्रदेश २ मा धनी र गरिबको असमातना चरम छ भने जातीय विभेदको रूप पनि डर लाग्दो छ। यहाँ भष्ट्राचार चरम छ । विकास योजनाको पैसा बाँडेर खाने चलनले यहाँको स्थानीय तहमा छुट्याइएको बजेटमा अनियमिता हुने डरलाग्दो अवस्था छ।

**गरिबीको खाडल झनझन् बढ्दै**

नेपालमा पछिल्लो समयमा गरिबीको खाडल बढ्दै गएको छ । धनी अझ धनि भइरहेका छन् भने गरिब अझ गरिब हुँदै गएका छन् । असमान विकासका कारण गरिबीको खाडल बढ्दै गएको हो । विश्वकै खर्बपति विनोद चौधरी जस्ता धनाढ्य पनि यहीँ छन् भने खानसमेत नपाउने अत्यन्त गरिब, भूमिहीन र सुकुम्बासी समेत नेपालमा छन् ।

गरिब र धनीबीचको खालड पुर्न नसकेमा मुलुक अझ गरिब हुँदै जाने अवस्था छ। गरिबी दर घटाउन सरकारदेखि दातृ राष्ट्रले ठुलो धनराशी लगानी गरिरहेका छन् । तर, नेपालको गरिबी दर भने घट्नु साटो झन बढिरहेको छ । हालै राष्ट्रिय योजना आयोगले ७ प्रतिशत गरिबी बढेको तथ्याङ्क सार्वजनिक गरेपछि यो तथ्य पुष्टि भएको छ। नेपालको कुल गरिबी दर २८.६ प्रतिशत रहेको छ।

## विकास...

केहि होइन भन्ने कुरा स्वतः स्पष्ट छ।

विकास, सम्बृद्धि र समाजवाद जस्ता विषयहरू एकअर्काका परिपूरक चिजहरू हुन् । किनभने देशको आर्थिक विकास र जनताको सम्बृद्धिले समाजवादी व्यवस्था स्थापनाका लागि आधार तयार पार्ने भूमिका खेल्दछन् । त्यसैगरी समाजवादी व्यवस्थामा देश र जनताको व्यापक हित र पक्षमा आर्थिक विकास एवं समाज र जनताको सम्बृद्धिका लागि राज्य र सरकारले योजनबद्ध ढंगले आफ्ना नीति एवं कार्यक्रमहरू तय गरेर कार्यान्वयनका दिशामा अगाडि बढाएर जान्छ। समाजवादको निर्माण र स्थापनाको कुरोलाई त परै छाडौं एउटा सबल पूँजीवादी व्यवस्थाको विकास गर्न समेत राज्य र सरकारले व्यवस्थित ढंगले खास तयार पार्नु पर्दछ।

सच्चा समाजवादी व्यवस्थाको आफ्नो निश्चित आदर्श र नीति हुन्छ। त्यो आदर्श र नीति भनेको “योग्यता अनुसारको काम र काम अनुसारको दाम (परिश्रमिक)” भन्ने हुन्छ । साथसाथै उमेर पुगेका बृद्ध नागरिक र बालबालिकाहरूको राम्रोसंग हेरबिचार गर्ने र सबल शरीर भएका युवा युवतीहरूले यथाशक्य मिहिनेत गरी काम गर्ने भन्ने हुन्छ । त्यस प्रकारको वस्तुगत अवस्थाको श्रृजना गर्नका लागि देशमा राष्ट्रिय स्वाधीन अर्थतन्त्रको विकास हुनु र गर्नु अपरिहार्य शर्त हो। त्यसो भयो भने मात्र देशमा काम गर्ने श्रम शक्तिका लागि रोजगारीको अवसर उपलब्ध हुन्छ।

आजको दिनसम्म पनि नेपाल विश्वका देशहरूको विकासको आधारमा वर्गीकरण गर्दा अति कम विकसित देशहरूको समुहमा पर्दछ। त्यसको तात्पर्य के हो भने वर्तमान विश्वमा विकास र विकसित देशका लागि तोकिएको र तय गरिएको मापदण्डका आधारमा नेपालको विकासको अवस्था हदैसम्म निम्नस्तरमा रहेको छ भन्ने नै हो । देशमा अहिले यसप्रकारको अवस्था कायम हुनुमा विगतदेखि अहिलेसम्म पटक-पटक सत्ता र सरकारको नेतृत्व गर्ने र गरेका पार्टीहरूको देश र जनता विरोधी नीति, कार्य र विचारका कारणले गर्दा हो ।

स्पष्टताका साथ भन्नु पर्दा देशको वर्तमान दयनीय अवस्था सिर्जना गर्नका लागि नेका, एमाले र माके जस्ता पार्टीहरू नै मुख्य रूपले जिम्मेदार रहेका छन् । २०४७ सालको राजनीतिक परिवर्तन पछि सरकारको नेतृत्व गर्न अवसर पाएको नेपाली कांग्रेसले नेपालको जलस्रोतको मुख्य आधार रहेका नदीहरू थप असमान सन्धिहरु गरेर आफ्नो हकअधिकार गुमाउदै भारतीय विस्तारवादलाई बुझाउने काम गऱ्यो । जसमा महाकाली नदीमा रहेको टनकपुर बाँध परियोजना उल्लेखनीय छ । २०५१ को मध्यावधि निर्वाचन पछि ठुलो पार्टीको रूपमा स्थापित भएर अल्पमतको सरकार बनाउने मौका पाएको नेकपा (एमाले)ले एकीकृत महाकाली संन्धिको रूपमा अझ राष्ट्रघाति तुल्याउने काम गऱ्यो । पछिल्लो समयमा आएर नेकपा (माके)ले नेपालको एकमात्र चोखो नदीका रूपमा बचेर रहेको कर्णाली नदी अन्तरगतको माथिल्लो कर्णाली परीयोजना एउटा भारतीय निजी कम्पनीलाई बेचेर असमान संन्धिको प्रकृयालाई अगाडि बढाउन थप योगदान पुऱ्याउने काम गरेको छ।

मित्र राष्ट्र र छिमेकी राष्ट्रहरूको सहयोग र अनुदानमा देश र जनताका हितका लागि निर्माण र स्थापना गरिएका सार्वजनिक संस्थान र उद्योगधन्दा एवं कलकारखानाहरूलाई निजीकरणका नाममा विक्री गरेर धरासायी बनाउने कार्यको शुरुवाट पनि नेपाली कांग्रेसको सरकारको नेतृत्वमा नै शूरु भएको थियो । पछि एमालेको सरकारले छनौट पूर्ण निजीकरणका नाममा पुनः विक्री गर्ने नीति ल्याएर निजीकरणलाई थप अगाडि बढाउने काम गऱ्यो । पछिल्लो समयमा आएर खासगरी २०६४ सालमा तत्कालिन एमाओवादी (हालको नेकपा (माके))ले ठुलो पार्टीको हैसियतले सरकार बनाएर सत्तारोहण गर्ने अबस्थामा आईपुग्दासम्म यिनीहरू नेका, एमाले र माकेहरू एउटै ड्याङका मुला सरह भैसकेको थिए र अहिले उनीहरूले आफ्नै नेतृत्व र पहलमा नाफा कमाउनका लागि जनहितसंग सरोकार राख्ने स्वास्थ्य र शिक्षासंग संम्बन्धित अस्पताल एवं विद्यालयहरू समेत निजी लगानीमा सञ्चालन गर्न र गर्न लगाउन गरेका छन् । त्यसैगरी अहिलेसम्म प्रस्तुत हुँदै आएको राष्ट्रिय बजेट नक्कली (फेक) प्रकारको रहेको छ। राष्ट्रिय बजेटको अधिकांश रकम सामान्य प्रशासनिक खर्च अन्यमा तलब भत्ता खुवाउने र भुक्तानी गर्ने कार्यका लागि छुट्याउने गरिएको छ। देशको समग्र राजश्वबाट आउने रकमले सामान्य खर्च धान्न र चलाउन समेत नसक्ने आन्तरिक ऋण उठाउनु पर्ने अवस्था सृजना भएको छ। कुल ग्राहस्थ उत्पादन (जीडीपी)को करिब ३०% कृषि क्षेत्र र करिब ३०% वैदेशिक रोजगारबाट आउन विप्रेषण (रेमिट्यान्स)बाट आउँछ । ति दुवै क्षेत्रले गरी करिब ६०% धानेको छ भने औद्योगिक क्षेत्र (म्यानुफ्याक्चरिङ) क्षेत्रबाट ७% मात्रै राजश्व उठ्ने अवस्था रहेको छ। त्यो क्षेत्रले अतिन्युन मात्रामा श्रम बजारमा रोजगारी सिर्जना गर्न नसकेकाले दैनिक १५०० भन्दा बढी संख्यामा युवा शक्ति विदेशी भूमिमा रगत पसिना बगाउन जान बाध्य भैरहेको छ।

यस अगाडि उल्लेख गरिएका संक्षिप्त तथ्य र विवरणहरूले देशको बर्तमान अबस्था जर्जर मात्र नभएर रसाताल मै डुबेको छ भन्दा अतियुक्ति हुँदैन। भ्रष्टाचार संस्कार र सांस्कृतिक रूपमा फैलिरहेको छ भने त्यसले संस्थागत रूप धारण गरेको छ । सबै क्षेत्रमा भ्रष्टचारमा नेका, एमाले र माकेका नेतृत्वपंक्ति नै समेल भएको छ र परिणामस्वरूप भ्रष्टचारीहरूले राजनैतिक संरक्षण पाएका छन्। त्यति मात्र होइन व्यापक जनदबावका वावजुद चरम भ्रष्टाचारमा डुबेका व्यक्ति र तत्वहरूलाई सरकारले कार्वाही गर्न बाध्य भएको अवस्थामा पनि देशको सर्बोच्च न्यायलय (अदालत)ले चोख्याएर उन्मुक्ति दिने काम भउको छ।

निर्वाचनका दौरानमा आरोप-प्रत्यारोपका साथ तिक्ततापूर्ण सम्बन्धमा रहेका नेका, एमाले र माकेले अहिले आएर वार्ता संवादमा बसेका छन् । अब छिट्टै नै एमालेको नेतृत्वमा वाम गठबन्धनको सरकार बन्ने अवस्था आउने छ। सरकारको नेतृत्व एमालेमा अध्यक्ष के.पी. ओलीले गर्ने पनि सुनिश्चित जस्तै छ । एमाले र त्यसका अध्यक्ष ओलीले आफुलाई राष्टवादी बताउदै त्यसले दावी गर्दै आएका छन् । कथित समाजवादीको वकालत त उनीहरू सबै (नेका, एमाले र माके)ले वकालत गर्दै आएका छन् । त्यसैगरी समाजको विषयलाई संविधानको प्रस्तावना र भित्री विषयवस्तुका रूपमा समेत राखेका छन् ।

अबको सरकार आफुलाई राष्ट्रवादीको दाबी गर्ने र राष्ट्रवादको पक्षमा अडान लिएको बताउने पार्टी र त्यसको अध्यक्षको नेतृत्वमा बन्ने सरकारले बृटिश इण्डिया (भारत)संग भएको सन् १८१६को असमान सुगौली सन्धिदेखि लिएर सन् १९५०को नेपाल-भारत असमान सन्धि हुँदै अहिलेसम्म गरिएका सन्धिहरू खारेज गर्ने विषय मन्त्रीपरिषद (क्याबिनेट)को पहिलो बैठकको १ नम्बर विषय (एजेन्डा) बनाउने आँट गर्न सक्छ ? कमिशन खाएर कौडीका मूल्यमा दलाल पूँजीपतिहरूलाई बेचेका सार्वजनिक संस्थान र उद्योगधन्दा एवं कलकारखानाहरू पुनःस्थापित गर्ने प्रकृयाको शुरुवात गर्ने निर्माण गरेर त्यसको कार्यान्वयन गर्न सक्छ । भ्रष्टाचार प्रति शून्य सहनशिलता कायम गर्ने नीति अपनाएर त्यसलाई व्यवहारतः कार्यान्वयन गर्दै भष्टाचारीहरू विरुद्ध निर्माण कारवाही चलाउने साहस गर्न सक्छ ? राष्ट्रघात, जनघात, भ्रष्टाचार र नातावाद एवं कृपावादको संवर्द्धन र प्रवर्द्धनन गर्दै आएको राज्यका अंगहरू (संसद, सरकार र अदालत) अनि राज्य संयन्त्रहरू (सुरक्षा निकाय, कर्मचारीतन्त्र र संवैधानिक निकायहरू)को आमूल पुनःसंरचना गर्ने सशक्त कदम चाल्ने साहस गर्न सन्छ ? यी प्रश्नहरूको सकारात्मक ढंगले परिणाममूलक आउने आशा र अपेक्षा गर्ने ठाउँ निश्चित प्रायः नै छैन। त्यस अर्थमा नेका, एमाले र माके जस्ता तत्वहरूले भन्दै आएका विकास संवृद्धि र समाजवादका कुरा फगत लफ्फाजि (फ्रेज मोङ्गरिङ) मात्र हुन भन्ने स्वतः स्पष्ट छ।

देशको तात्कालिन राजनीतिक अवस्थाले देशभक्त प्रगतिशिल र अग्रगामी शक्ति र संगठनहरूका तर्फबाट अहम् भूमिका र योगदानको माग गर्दछन् । किनभने माथि उठाइएका राष्ट्रियता जनतन्त्र र जनजीविकासंग सम्बन्धित प्रश्नहरूको निरूपण अब सत्ता र सरकारमा जान एमाले, माके, र प्रमुख प्रतिपक्षमा बस्ने नेका जस्ता तत्वहरूबाट नहुने कुरा सर्वविदितै छ । त्यसप्रकारको परिस्थितिमा नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल (देजमो) जस्ता अग्रगामी पार्टी र संगठनहरूले उपयुक्त मुद्दा र विषयहरूलाई प्रचारात्मक र आन्दोलनात्मक रूपमा अगाडि बढाएर राष्ट्रियता र जनहितका पक्षमा सशक्त भूमिका खेल्नु पर्दछ।

त्यस प्रकारको सशक्त भूमिका निभाउनका लागि हामीले आफ्नो सांगठनिक संरचनालाई अझ सुदृढ पार्दै संघर्ष र जनपरिचालनमा कार्यक्रमहरूलाई व्यवस्थित र योजनावद्ध ढंगले संचालन गर्दै अगाडि बढ्नु पर्दछ । यस संदर्भमा हाम्ले अन्य क्रान्तिकारी भित्र पार्टी र संगठनहरूसँग सहकार्य र कार्यगत एकता गरी आफ्नो मोर्चा र पक्षलाई मजबुत बनाउने तर्फ गम्भीर ढंगले पहलकदमी गर्नु पर्दछ। अन्ततः हाम्रो सम्पूर्ण र आन्दोलनले देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनगणन्त्र स्थापना गर्दै वैदेशिक समाजवाद प्राप्तिको बाटोमा अगाडि बढ्नु पर्दछ। तब मात्र नेपालमा उत्पीडित वर्ग जाति, लिङ्ग, क्षेत्र र समुदायको पूर्ण रूपमा उन्मुक्ति हुने छ ।

## विकास...

र काँग्रेसका नेताहरू एउटै टेवुलमा बसेर सतहमा देखिएको संवैधानिक जटिलता फुकाउने कोशिस गरे ।

स्रोतका अनुसार मोदीको फोन अगाडिको एक साता नेपालस्थित भारतीय राजदूत मंजिवसिंह पुरीले दौडधूप गरेका थिए । उनले प्रधानमन्त्री देउवा, एमाले अध्यक्ष ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र निर्वाचन आयोगका प्रमुख आयुक्त अयोधीप्रसाद यादवसँग भेट गरेका थिए।

नेपालमा आफुले गरेका उच्च राजनीतिक भेट, चुनावी नतिजा, भावी सरकारको स्वरूप, चिनियाँ चासो र लोकतान्त्रिक गठबन्धनको शक्तिबारे भारतीय राजदूत पुरीले दिल्ली पुगेर ब्रिफिङगरेपछि भारतीय प्रधानमन्त्री मोदीले नेपालका यी संसदवादी नेताहरूलाई फोन गरेका थिए।

गत आइतवार बामगठबन्धनले गरेको संयुक्त पत्रकार सम्मेलनमा ओलीले भारतले नेपालको नतिजा स्वीकारेको बताएका थिए । उक्त पत्रकार सम्मेलनको तीन दिन अगाडि मात्र पुरीले ओलीसँग भेट गरेका थिए । पत्रकार सम्मेलनको भोलिपल्ट पुरी प्रचण्डसँग भेट गरेर बुधवार दिल्ली गएका थिए। पुरी दिल्ली पुगेको भोलिपल्ट अर्थात् बिहीबार मोदीले ओली, देउवा र दाहाललाई फोन गरेका थिए।

बीबीसी नेपाली सेवालाई बिहिबार साँझ दिएको अन्तर्वार्तामा एमाले सचिव प्रदीप ज्ञवालीले बामगठबन्धनको संयुक्त पत्रकार सम्मेलन अगाडि ओली र पुरीबीच भेट भएको पुष्टी गरेका थिए । मोदीले भावी प्रधानमन्त्रीको रूपमा ओलीलाई भारत भ्रमणको निम्तो पनि दिइसकेका छन् । यी घटनाक्रमले ओलीको नक्कली राष्ट्रवादको मुखुण्डो उदाङ्गिएको छ । फेरि पनि उनी पनि दाहालजस्तै भारत विस्तारवादी शासकसामु लम्पसार पर्न पुगेका छन् ।


यसैबीच, आर्थिक समृद्धि र स्थायित्वको नारा दिंदै मुलुकलाई समाजवादमा लैजाने यी कथित बामले दिएको भ्रम पनि उनीहरू आफैले उदाङ्गो पारेका छन् । दिनको संकेत विहानीले गर्छ भनेजस्तै ती दुवै दलका नेताहरूले समानुपातिक तर्फ आफ्ना श्रीमती र नातेदारलाई प्राथमिकतामा राखेर सांसद बनाउन खोजेपछि समाजवादको नारा वास्तवममै एक भ्रम रहेछ भन्ने ती पार्टीभित्रैका नेता कार्यकर्ताहरूले सार्वजनिक टिप्पणी गर्न थालेका छन् ।

पार्टीमा लामो योगदान दिएका धेरै नेताहरू भएपनि नेताका आफन्त शक्तिको आडमा समानुपातिकमा परेको सम्बद्ध पार्टीका नेता-कार्यकर्ताहरू बताउँछन् ।

पटक पटक शक्तिमा पुगिरहनेको पहिलो नम्बरमा पर्छिन, एमालेकी राधा ज्ञवाली । ऊर्जा मन्त्री हुँदा विवादमा आएकी उनी अहिले समानुपातिक सूचीमा परेकी छिन् । यस्तै बिन्दा पाण्डे, सिवमाया तुम्बाहाम्फे, शान्ता चौधरी र रघुविर महासेठको श्रीमती जुली महतो पनि समानुपातिक सूचीमा परेका छन् ।

यसैगरी, एमाले उपाध्यक्ष बामदेव गौतमकी श्रीमती तुलसी थापा जनजाति महिला कोटामा समानुपातिक उम्मेदवार छिन्, त्यस्तै ५ नं प्रदेशको मुख्यमन्त्रीका एक्ला दाबेदार शंकर पोखरेलकी श्रीमति सुजिता शाक्य पनि केन्द्रको लागि समानुपातिकमा छिन् । काठमाडौं क्षेत्र नं ९ बाट निर्वाचित कृष्ण गोपाल श्रेष्ठकी श्रीमति बिना श्रेष्ठ समेत केन्द्रको समानुपातिकमा छिन् । सुवास नेम्वाङका इलाम क्षेत्र नं २ बाट प्रत्यक्षमा विजयी भएका हुन् । उनकी बहिनी विजय सुब्बा समानुपातिकमा छिन् । त्यसैगरी माओवादी केन्द्रमा पनि राज्यको पहुँचबाट टाढा रहेका, चुनाव लड्न नसक्ने, पिछडिएका वर्गलाई भनेर ल्याइएको समानुपातिक सिटमा अहिले नेताहरूका आफन्तहरूको भर्ती गर्ने केन्द्र बनेको भन्दै आलोचना समेत हुन थालेको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका भाइ नारायण दाहाल समानुपातिक सूचीमा छन् । माओवादीका नेता वर्षमान पुनले रोल्पाबाट निर्वाचन जितेका छन् । उनकी श्रीमति ओनसरी घर्तीमगरको समानुपातिकमा नाम छ । ललितपुर प्रदेश सभा क्षेत्र १ क बाट पुनकी बहिनी लालकुमारीले चुनाव जितेकी छन् । ओनसरी घर्ती अब समानुपातिकमा सांसद भएको खण्डमा वर्षमानको परिवारका तीन जना सांसद हुनेछन् । लमजुङबाट विजयी भएका देव गुरुङकी श्रीमति यशोदा सुवेदीको नाम पनि समानुपातिकमा छ । उनी बाहुन जातिकी भएर पनि अहिले जनजातिको कोटामा समानुपातिकमा परेकी हुन् । हितमान शाक्य काठमाडौं १० नं क्षेत्रबाट पराजित भए। तर उनकी श्रीमति अमृता थापामगरको नाम भने समानुपातिक सूचीमा छिन् । तेजप्रसाद ओली रुकुमबाट प्रदेश सभामा विजयी भए । उनकी श्रीमती जुनकुमारी रोकाको नाम पनि समानुपातिकमा छ । शक्ति बस्नेतले जाजरकोटबाट चुनाव जितेका छन् । उनकी श्रीमति सत्या पहाडि समानुपातिकमा छिन् । पूर्वमन्त्री रेखा शर्माको नाम पनि समानुपातिकमा छ । उनका श्रीमान कृष्णध्वज खडकाले प्युठानबाट प्रदेश सभाको चुनाव जितेका छन् । माओवादी केन्द्रभित्र यसरी नेताहरूले आफू, श्रीमति र भाइ बहिनीलाई सांसद बनाउने अभियानमा लागेपछि सो पार्टीभित्र असन्तुष्टि चुलिएको छ ।

समानुपातिकको सूचिमा पहुँचवाला नेताका आफन्तको नाम पहिले नै सांसद बन्न सक्ने गरी मिलाएर राखिएको तर पहुँचविहिनहरूको नाम पुछारतिर हुँदा यस्तो अवस्था आएको पीडितहरूले बताएका छन् ।



पुस ३ देखि पुस १० गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# समानुपातिक प्रक्रिया नै घाँडो

**पुस ४ गते।** २०७४ सालको निर्वाचनले स्पष्ट नतिजा निकालिदियो, ‘नेपालमा जसले जे भने पनि नेपाली जनता एकपटक बाहिर केही भनौ भने कम्युनिस्टहरूको शासान हेर्न चाहन्थे’ तर कम्युनिस्टको छाला ओडेर जनतालाई रँगीचँगी सपना बाँड्नेहरूले गठबन्धन गरेरर अन्य राजनीतिक शक्तिहरूलाई आआफ्नै ठाउँमा सीमित त गरिदिए तर आगामी दिनमा जनताको सपना र आकाँक्षालाई पूरा गर्न सक्छन् वा सक्तैनन् हेर्न बाँकी छ । आखिर व्यवस्था जे भए पनि व्यक्तिहरू भने भेडीगोठमा छिरिसकेका व्वाँसाहरू न हुन् ।

**पुस ५ गते।** ‘बुढो ताक्छ मुँढो–बञ्चरो ताक्छ घुँढो’ भने झैं भएको छ, अहिलेको सम्विधानमा समानुपातिक निर्वाचनको प्रकृया । हुन त यो प्रकृया समाजमा प्रतिष्ठा कमाएका, राष्ट्रिय–अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाएका, पछिडा वर्ग र असक्त तर राष्ट्रको नीतिनिर्माणमा आवश्यक व्यक्ति (जो निर्वाचनमा जानसक्तैनन्) का लागि सिर्जना गरिएको हो यो समानुपातिक प्रकृया। तर, नेताहरूले श्रीमती देखि सालासालीसम्मलाई समानुपातिक सूचीमा राखेर विगतको एतिहासमा कालो पोतिदिएपछि त्यसै पनि बद्नाम भएको यो प्रकृया। यो निर्वाचनमा बहुमत र अल्पमतमै असर पर्नेगरि नतिजा आएपछि प्रमुख राजनीतिक दलहरूलाई निकै अप्ठ्यारो भएको छ । मुखले ‘केही भनौं आफ्नै शिकार नभनौं काकाबाउको अनुहार’ भने जस्तै भएको छ।

**पुस ६ गते ।** ‘कामकुरा एकातिर कुम्लो बोकी ठिमी तिर’ भन्ने उखान काठमाडौंको निकै पुरानो हो । र पनि बेलाबेलामा दोहोरिने गरेको छ। आजबाट राजधानीको ट्राफिक प्रहरीले सहरमा चल्ने अस्तव्यस्त बसहरूमा यात्रा गर्ने यात्रुलाई लाइन लगाएर बस चड्ने व्यवस्था गरेछ। यो गाइजात्रे रमिता देखेर रुनु न हास्नु जस्तो भयो । किन यस्तो भयो भन्नु होला । उधाहरणका लागि गौशालामा ३६ रुटका बस आइपुग्छन् । यात्रुलाई हप्काउँदै धम्काउँदै र घुर्क्याउँदै आउने यी बसका चालक र सहचालक यमराजका प्रतिनिधिनै हुन कि जस्तो लाग्छ। यस्तो अवस्थामा लाइनमा उभिएर बस कुरिरहेका यात्रुले कसरी बस चड्लान् ? प्रहरीले सहयोग गर्दासम्म त चड्लान् तर प्रहरी सधैं सहयोग गरिरहन सक्तैन, सक्ने कुरा पनि भएन। बरु पहिले बसहरू व्यवस्थीत रूपममा चल्ने व्यवस्था प्रहरीले गर्नु पर्थ्यो । कस्तो व्यवस्था भनिएला । उधाहरणका लागि चक्रपथ परिक्रमा गर्ने बस कति समयमा कुन स्टेशनबाट छुट्ने हो। त्यो भन्दा बाहिर वा भित्र कुन बस कुन रुटमा जाने हो र उसको स्टेशन कहाँ हो तोकि दिएपछि बल्ल लाईन लागेर यात्रुहरूले बस चढ्ने सुबिधा उपयोग गर्न पाउलान अन्यथा सात दिने अभियान मात्रै हुने त होला नि !

**पुस ७ गते।** यता केही समयलाई हेर्दा राजनीतिक स्थीरता होला र मुलुकले एकखाले निकास पाउँला भन्ने सोचेको त फेरि अड्को फड्को र झड्को शूरु भएको छ। निर्वाचित पार्टी र व्यक्ति भनेको सँसदीय व्यस्थाको जनादेश प्राप्त सस्था र व्यक्ति हो तर निर्वाचन हारेको पार्टी सरकारमा रहेको र यसले सरकार छाड्न अनेक अड्को थापिरहेको छ। यसले के सँकेत गर्छ भने नेपालमा अझै पनि निरंकुशताका नङ्ग्रा उखेलिएका छैनन् र यसलाई उखेल्न बाक्लै रगत बगाउनु पर्ने छाँटकाँट देखिन्छ।

**पुस ८ गते।** ‘कहीं नभएको जात्रा हाँडीगाउँमा’ भनेजस्तै कहीं नभएको कामकुरा नेपालमा मात्रै हुन्छ । यसैको एक परिणाम हो गरिवको पहिचान र गरिवलाई दिने भनिएको परिचय पत्र । एकातिर विश्वको पूँजी सीमित व्यक्तिहरूको पोल्टामा थुप्रिदै छ भने अर्कातिर नेपाल सरकार आफ्ना नागरिकलाई सम्पन्न र समृद्धिको बाटोमा उभ्याउनुपर्नेमा गरिवीको प्रमाणपत्र वितरण गरेर लोकपृयता कमाउन लागिपरेको छ। के गरिवले खल्तीमा प्रमाणपत्र बोकेर समृद्धिको बाटो पहिल्याउन सक्ला ? कि विश्वमा नेपालीले अहिले पाउने उपहासलाई अझ बढावा दिन यो काम भैरहेको छ ? नयाँ आउने सरकारले यस्ता कुरामा ध्यान देला कि नदेला ?

**पुस ९ गते।** नेपाली कांग्रेसले निर्वाचनमा नराम्ररी हार खाएर पनि सरकार किन नछाडेको होला भनेर खोजि गर्दै हिडेको त प्रधानमन्त्री कोषबाट करोडौं रकम हिनामिना गर्न पो रहेछ । यसरी बाँडिएको र बाडिने रकमको खोजि गरेर नयाँ सरकारले पाता कसेर रकम असुली गर्नुका साथै त्यस्ता व्यक्तिलाई भ्रष्टाचारको अभियोग लगाएर भविश्यमा अयोग्य ठहरिने गरि कारबाही गऱ्यो भने त केही होला अन्यथा तैं चुपमैचुप गरेको जस्तो हुदैन र भन्या !

**पुस १० गते।** शेरबहादुर देउवाले सरकार छाडेनन् भनेर नआत्तिने कोही पनि छैन तर आत्तिई हाल्नुपर्ने.अवस्था छैन । यो भन्दा पहिले पनि गिरिजाप्रसाद कोइरालाले ४ महिना यसै गरेका थिए । नेपाली कांग्रेस कै अर्का नेता रामचन्द्र पोडेलले पनि १७/१७ पटक प्रधानमन्त्रीको उम्मेद्वारी दिए कै हुन । के भयो र ! निर्वाचन जतिपटक हारे पनि नेता भै नै रहिन्छ । जनताले ‘हारेको नेता’ भनेर भित्रभित्रै भने पनि अगाडि पर्दा सबै नतमस्तक भै नै हाल्छन्, नमस्कार गरिनै हाल्छन् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : ढिल्लाराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिबाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १८-०७३/०७४) वर्ष २ अङ्क २५
वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# संसदीय व्यवस्था विरुद्धको मोर्चा



● हुकुमबहादुर सिंह ●

नेपालको संविधान २०७२को कार्यान्वयनसँगै नेपालमा ५वटा दलले राष्ट्रिय मान्यता प्राप्त गरेका छन् । यद्धपी नेपाली कांग्रेसको बैशाखीमा नयाँ शक्तिका बाबुराम भट्टराई, एमालेको बैशाखीमा राष्ट्रिय जनमोर्चाका दुर्गा पौडयाल, राप्रपाका राजेन्द्रलिंगदेनले विजय प्राप्त गरेका छन् । एउटा मात्रै कम्युनिष्ट पार्टी-नेमकिपाले आफ्नै स्वतन्त्र पहलमा भक्तपुरको शहरी क्षेत्रमा  आफनो वर्चश्व राख्न सफल भएको छ । अहिले निर्वाचनको सबै मत परिणाम बाहिर आएको छ तर "वाम गठबन्धन"लाई सरकार हस्तान्तरण गर्न वर्तमान सरकारका प्रधानमन्त्री तयार देखिएका छैनन् । यसो गरेर उनले संसदीय व्यवस्थाको असली रूप प्रदर्शन गरेका छन । नेपालको संसदीय व्यवस्थाको असली रूप भनेको नेपनली जनताबाट अभिमत लिने तर काम चाही विदेशीको इशारामा उनीहरूकै फाइदाका लागि गर्ने । अहिले पनि यसका पछाडि देउवा एक्लो छैनन् । सिंगै सिंगै दिल्ली यसका पछाडि उभिएको छ भन्दा फरक नपर्ला । उसले सजिलरी केपी ओलीको नेतृत्वको सरकारलाई सरकारमा जान दिने छैन् । प्रथम उसले यो काम प्रचण्डलाई उपयोग गरेर सके "वाम गठबन्धन"लाई नै तोडन चाहन्छ, नसके प्रचण्डमार्फत उसले एमालेभित्र आफ्नो हैसियत खोज्न कोशिस गर्ने छ । प्रचण्डमार्फत आन्तरिक केही सम्झौता नभई-खासगरी अब आउने केपी सरकारको चीनप्रतिको झुकावमा ब्रेक लगाएर मात्रै उसले नयाँ आउने केपी नेतृत्वको सरकारलाई मान्यता दिने प्रक्रिया मिलाउँदै छ । यसका लागि प्रचण्ड नै उसका उपयुक्त माध्यम र साधन बन्ने छन् । किनभने विगतमा उसले प्रचण्डबाट काफी सहयोग प्राप्त गरेको छ । मधेसी मोर्चाहरूका दुई घटक र नेपाली कांग्रेसले शेरबहादुर देउवामार्फत यो सन्देश पुर्‍याइसकेको कुरा पनि बाहिर प्रेशमा आइसकेको छ कि केपी होइन् प्रचण्डको नेतृत्वमा सरकार । तर नेपाली जनमत अहिलेलाई केपीको पक्षमा देखिएको छ । मधेसी मोर्चाहरूका दुई घटक र नेपाली कांग्रेसमार्फत भारतले प्रचण्डलाई सरकारको नेतृत्वगर्ने लालचासहित यो प्रस्ताव ल्याएको हो । हुन सक्छ निर्वाचनमा एमाले र माकेले बाँडेको ६० र ४०को भागबण्डालाई सरकार बनाउनेमा पनि त्यही  सम्भावनालाई अगाडि ल्याउन पनि भारत प्रचण्डलाई सल्लाह र सुझाव दिन चाहन्छ । शेरबहादुर देउवाको यो सरकार हस्तान्तरण गर्नका लागि गरेको नौटंकिले माथि उल्लेख गरिएका सम्भावनाहरू तर्फ पनि संकेत गर्दछ । किनभने प्रचण्ड जुन बेला जे सुकै निर्णय गर्न सक्ने नेतामा बदनामी कमाएका नेता हुन् । हुनत इतिहासबाट केही नयाँ पाठ सिक्नै सकिदैन् भन्ने होइन् र प्रचण्डबारे पनि त्यो सम्भावनालाई नकार्न सकिदैन् ।

जसरी विगतमा भारतीय नाकाबन्दीलाई सहर्ष स्विकार नगरी नेपाली स्वाभिमानलाई केही उचा उठाउने कामबापत वर्तमान परिणाम प्राप्त गरेका केपीओली यति छिट्टै भारतको दवावमा प्रत्यक्षत झुक्ने छैनन् तर "वाम गठबन्धन"भित्र दिल्ली माकेमार्फत बलियोगरी छिरेको छ,, त्यसलाई उनी कसरी व्यवस्थापन गर्न सफल हुने छन् हेर्न बाँकी नै छ । अबको राजनीति भारतका लागि झन हितकर छ, किनभने  "लोकतान्त्रिक गठबन्धन" उसको पूर्णत पकडमा छ र प्रचण्डमार्फत एमालेभित्रका दिल्लीसमर्थकहरूलाई "वाम गठबन्धन"को रूपमा उपयोग गर्न  सकेमा भारत निश्चिन्त बन्ने छ । अर्को सम्भावना भारत केपीसित तत्कालका लागि अन्य नभई दुईवटा कुरामा विश्वस्थ हुन चाहन्छ,-प्रथम भारतसितको परम्परागत परनिर्भरता र चीनसितको दुरी । अनि दोस्रो नेपालको जलस्रोत खासगरी माथिल्लो कर्णाली, कोशी अपरडयाम्, अरुणआदि नदीमाथि उसको हैकमको निरन्तरता । यसका लागि सम्भवतः प्रचण्डको सिंगापुर, हङकङआदि देशको अनौपचारिक भ्रमण, जहाँ उनले यी विषयमा भारतीय नेताहरूलाई आश्वस्थ बनाउन सकुन कि अब बन्ने "वाम गठबन्धन"को सरकारले भारतको इच्छामा खासै नकारात्मक असर पार्ने छैन्, नकार्न सकिदैन्  । जे होस अब नेपालको भावी संसदीय राजनीति  दुई गठबन्धनको चौघेरामा गोलचक्कर लगाउने स्पष्ट छ । राष्ट्रिय जनमोर्चा, नयाँ शक्ति राप्रपाआदि एमालेको बैशाखीमा टेकेर संसदमा पुग्न सफल देखिएका छन् । केबल देश र जनताका लागि संसदमा बोल्ने एउटैमात्र राजनीतिक दल-नेमकिपा रहन गएको छ, तै पनि एक जना संसदको आधारमा । त्यसैले अबको लागि नयाँ वैकल्पीक राजनीति शक्तिको आवश्यकता छ र त्यो सम्भावना मरिकेको छैन् । जसको नेतृत्व नेकपा(क्रान्तिकारी माओवादी) र नेकपा(विप्लव)को क्रान्तिकारी एकताबाट मात्रै सम्भव देखिएको छ । नेकपा(मसाल)ले एमालेको बैँशखी टेकेर एक सिटका लागि लोभगर्दै त्यो विगतको सम्भावनालाई धुमिल बनाएको छ । यो देशभक्त क्रान्तिकारी मोर्चामा आउने नेमकिपाको सम्भावनालाई अझै नकार्न सकिदैन् । उसको त्यो सम्भावना जीवितै छ । यसरी नेपालको भावी राजनीतिलाई जनताको बीचमा ल्याउनका लागि राष्ट्रियता, वर्गसंघर्ष र जातिय उत्पीडनका लागि गरिने वर्ग संघर्ष र सडक संघर्षको विकल्प छैन् । र यसले नेपालको राजनीतिमा केही महत्वपूर्ण परिवर्तनहरू आउने सम्भावनालाई नकार्न सकिदैन् । त्यसको नेतृत्व पनि कम्युनिष्टहरूकै हातमा गएको छ । र यसका लागि क्रान्तिकारी कम्युनिष्टहरूको नेतृत्वमा देशभक्त गणतन्त्रवादी तथा प्रगतिशीलहरूको बीचको एकता अनिवार्य शर्त बन्न गएको छ ।

*hukumsingh2012@yahoo.com*

### संघर्षको...

आफूहरू संघीताको विरुद्धमा जाने र आरक्षणको प्रावधानलाई खारेज गर्ने कुरा सार्वजनिक गरेपछि जनताले ' बाघको छालामा स्यालको रजाइँ' भन्ने उखानको तात्पर्यलाई बल्ल बुझ्न पुगेका छन् ।

गठबन्धनका अर्का नेता पुष्पकमल दाहालले कांग्रेसले पनि समाजवाद, एमालेले पनि समाजवाद र माओवादी केन्द्रले पनि समाजवाद भनेकाले अब सबै मिलेर समाजवाद निर्माणको दिशामा अघि बढ्ने बताएपछि उनले भनेको बाघ, बाख्रा र ब्वाँसाले चाहेको एकै खाले समाजवाद कस्तो रहेछ भनी जनता छक्क पर्न पुगेका छन् । यसलाई क्रान्तिकारी माओवादीले अब चल्ने जनपक्षीय संघर्षको आधार बन्दै गएको अर्थ्याउन पुगेको छ ।

### चुनाव...

भएको समीक्षा गर्न पुगेको छ ।

बहुदलीय व्यवस्थाका हिमायति भन्नेहरूले गरेका बहुलवाद विरोधी हर्कतहरू, दलीय सिण्डिकेट र गठबन्धनले अबको सत्ताभ्यासलाई क्रमशः फासिवादीकरणको दिशातर्फ लगिरहेको सङ्केतको रूपमा समीक्षा गरिएको बताइएको छ । पैसाको खोलो बगाएर जनमत प्रभावित पार्ने कामले संसदीय व्यवस्थाको संसदवादीहरूद्वारा नै माखौल उडाइएको पनि बताइएको छ ।

जनताको उचित र सम्मानजनक मूल्यांकन गरिइनु पर्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै क्रान्तिकारी माओवादीले एमालेमाकेको गठबन्धनलाई कम्युनिष्ट भनेरै भोट दिएको तर उनीहरू कम्युनिष्ट भने नभएको ठहरमा पुगेको छ ।





### शुभकामना



तमू ल्होसारको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा सम्पूर्ण सेवाग्राहीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हिराप्रसाद उदास**
**अध्यक्ष**
**पूर्व कोशी लक्जरी यातायात प्रा.लि. परिवार**
धरान, फोन नं. ९८५२०४९९७७





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।